Final English BSD.doc
Nepali



# तपाईंका छोराछोरीको विद्यालय सहयोगी



# **Boise** विद्यालयका लागि बाबुआमाको हाते किताब



*पुस्तिका निर्माण :*
Boise विद्यालय जिल्ला, फेडरल प्रोग्राम्स् (संघीय कार्यक्रम)
Boise, आइडाहो

*प्रकाशन सहयोग :*
आइडाहो राज्य शिक्षा विभाग र शरणार्थी पुनर्वास कार्यालय

## आभार

'तपाईंका छोराछोरीको विद्यालय सहयोगी : Boise विद्यालयका लागि बाबुआमाको हाते किताब' Idaho राज्यका विभिन्न संस्थाहरुको सहयोगमा प्रकाशन भएको हो । यो पुस्तिकाको प्रकाशन र वितरणमा निम्न व्यक्तिहरुको संलग्नता रहेको छः

| | |
|---|---|
| Mike Stoy | पूर्व शरणार्थी सल्लाहकार,<br>आइडाहो राज्य शिक्षा विभाग |
| Dr. Ann Farris | संघीय कार्यक्रम सुपरभाइजर<br>Boise विद्यालय जिल्ला |
| Molly Jo de Fuentealba, | संघीय कार्यक्रम परामर्शदाता<br>Boise विद्यालय जिल्ला |

'एलईपी विद्यार्थीका बाबुआमाका लागि इलिनोइस विद्यालय सहयोगी' पुस्तिकाबाट सामग्रीहरु साभार गर्ने अनुमति दिएकोमा डा. Edwin Silverman र Illinois प्रौढ शिक्षा स्रोत केन्द्रलाई विशेष धन्यबाद दिन चाहन्छौं । यस पुस्तिकाका केही सामग्रीहरु लाउरा बर्कोभिजको पुस्तक 'शैक्षिक साझेदारका रुपमा बाबुआमा : भाषिक अल्पसंख्यक बाबुआमाका लागि विद्यालयसम्बन्धीत पाठ्यक्रम' बाट बाट पनि लिइएका छन् । त्यसका लागि प्रौढ शिक्षा स्रोत केन्द्रलाई पनि धन्यवाद दिन चाहन्छौं ।

## यो हाते पुस्तिकाका बारेमा

प्रिय बाबुआमा तथा अभिभावक ज्यू,

स्वागतम् । यो हाते पुस्तिकाले तपाईंलाई संयुक्त राज्य अमेरिका र आइडाहोको विद्यालय प्रणालीका बारेमा महत्वपूर्ण सूचना दिने छ । यदि तपाई र तपाईको परिवार अमेरिका वा यो राज्यमा नयाँ हो भने यहाँका विद्यालयका बारेमा तपाईंका धेरै जिज्ञासाहरु होलान् । यो पुस्तिकामा विद्यालय प्रणालीका बारेमा सामान्य जानकारी दिइएको छ । तपाईका बालबालिकाको विद्यालय जिल्लाका बारे विशेष जानकारी चाहिएमा अध्याय 10 हेर्नुहोस ।

कुनै पनि बालबालिकाको शिक्षामा बाबुआमा र विद्यालय बराबरका साझेदार हुन्छन् । दुवैले बालबालिकाको उन्नती चाहन्छन् । बालबालिकाको शिक्षामा बाबुआमा र परिवार पनि संलग्न भएमा बालबालिकाले विद्यालयमा राम्रो नतिजा हासिल गर्छन् र उमेरसँगै अझ बढी सफल हुँदै जान्छन् । अमेरिकी विद्यालय प्रणालीले कसरी काम गर्छ भन्ने बुझ्नुभयो भने तपाईंले आफ्ना छोराछोरीलाई पढाइमा सफल हुन र राम्रो नतिजा ल्याउन सहयोग गर्न सक्नुहुन्छ ।

## विषय सूची

### प्रश्न र उत्तरहरु


**I. अमेरिकी विद्यालय प्रणाली**

1. मेरो शहरमा विद्यालयहरु कसरी सञ्चालन हुन्छन् ? ......................................... 6
2. अमेरिकामा कति प्रकारका विद्यालयहरु छन् ? ................................................ 7
3. माध्यामिक शिक्षा पूरा नगर्ने विद्यार्थीहरुका लागि विद्यालय छन कि छैनन् ? ........... 9

**II. भर्ना प्रकृया**

1. बालबालिकालाई विद्यालयमा भर्ना गर्न के गर्नु पर्छ ? त्यसका लागि के कस्ता कागजपत्रहरु चाहिन्छ ? .. 10
2. विद्यालय शुरु गर्नुअघि बालबालिकाका लागि कस्ता प्रकारका मेडिकल फाराम र स्वास्थ्य परीक्षण आवश्यक पर्छ ? ...................................................................................... 10
3. यदि बालबालिकाले आवश्यक खोप आफ्नो गृह मुलुक वा अर्को राज्यमा लिएका रहेछन भने के हुन्छ ? .. 11
4. के बालबालिकाका लागि अन्य परीक्षणको पनि आवश्यकता पर्छ ? 11
5. शारीरिक परीक्षणका लागि कहाँ सम्पर्क गर्ने ? .................................................... 11

**III. शैक्षिक पात्रो र शैक्षिक दिन**

1. एक दिनमा कति घण्टा बालबालिका विद्यालयमा रहन्छन ? ..................................... 12
2. सार्वजनिक विदा तथा विशेष दिनहरुमा बालबालिका विद्यालय जानु पर्छ कि पर्दैन ? ...... 12

**IV. विद्यालय जाने**

1. बालबालिका कसरी विद्यालय जान र आउन सक्छन् ? ............................................ 14

**V. विद्यालयका नियम तथा प्रकृया**

1. बालबालिका विरामी भएमा के गर्ने ? .................................................................. 15
2. बालबालिकाले विद्यालयमा औषधी खानुपर्ने छ भने के गर्ने ? 15
3. बालबालिका विद्यालयमा हुँदा उनीहरुको स्वास्थ्यका बारेमा जानकारी लिन म कसलाई फोन गर्नसक्छु ? 16
4. बालबालिका विरामी वा कुनै दुर्घटनामा परेमा विद्यालयले मलाई कसरी खबर गर्नसक्छ ? .. 17
5. कुनै दिन मेरा छोराछोरी विद्यालय ढीला जानुपर्ने भयो भने मैले के गर्नुपर्छ ? 18
6. के म मेरा छोराछोरीको विद्यालय भ्रमण गर्नसक्छु ? ................................................ 19

7. विद्यालयमा कुनै प्रकारको शुल्क तिर्नु पर्छ कि पर्दैन ? 19

8. विद्यालयका नियम तथा अन्य कुराहरुको बारेमा जानकारी चाहिएमा कसलाई सोध्ने ? ........ 20

**VI. विद्यालयमा काम गर्ने व्यक्तिहरु**

1. विद्यालय तथा विद्यालय िजिल्ला कार्यालयहरुमा कस्ता कर्मचारीहरु हुन्छन् ? ........................ 21

2. बालबालिकाको बारेमा जानकारी लिनु परेमा कसलाई सम्पर्क गर्ने ? .............................. 22

**VII. शैक्षिक कार्यक्रम**

1. मेरा छोराछोरी अङ्ग्रेजी राम्रोसँग बोल्न सक्दैनन्, यसमा विद्यालयले के मद्दत गर्न सक्छ ? .... 23

2. प्राथमिक विद्यलयमा बालबालिकाले कस्ता विषयहरु पढ्नुपर्छ ? ...................................... 24

3. निम्न माध्यामिक तहमा कस्ता प्रकारका विषयहरु समावेश गरिएका छन् ? ....................... 24

4. माध्यामिक तहमा कुनकुन विषयहरु पढ्नुपर्छ ? ........................................................ 25

5. मेरा छोराछोरीलाई कुनै कुरा सिक्नमा समस्या भयो भने अथवा कुनै विशेष सिकाइको आवश्यकता परेमा विद्यालयले कस्तो सहयोग गर्न सक्छ ? ...................................................................... 26

6. विशेष खालको सीप तथा दक्षता भएका बालबालिकाका लागि विद्यालयले कुनै कार्यक्रम सञ्चालन गर्छ कि गर्दैन ? ............................................................................................................ 26

**VIII. बालबालिकाको शिक्षा तथा सिकाइमा बाबुआमाको भूमिका**

1. म कसरी आफ्ना छोराछोरीको विद्यालयको बारेमा जानकारी लिन सक्छु ? के मेरो छोरा/छोरीले पढाइमा राम्रो गरिरहेका छन ? .................................................................................. 27

2. छोराछोरीले विद्यालयमा कस्तो प्रगति गर्दैछन् भन्ने कसरी थाहा पाउन सकिन्छ ? ................. 28

3. विद्यालयका बारेमा कुनै निर्णय लिनु परेमा कसरी मद्दत गर्न सकिन्छ ? ............................. 29

4. आफ्ना छोराछारीको विद्यालयका केकस्ता कार्यक्रममा सहभागी हुन सकिन्छ ? .................. 30

5. छोराछोरीको विद्यालयलाई के कसरी सहयोग गर्न सकिन्छ ? .......................................... 31

6. छोराछोरीको पढाइमा सहयोग पुऱ्याउन घरमा के गर्ने ? ............................................... 32

7. छोराछोरीको माध्यामिक शिक्षा पछिको जीवनका लागि योजना बनाउन कसरी सहयोग गर्ने ? .. 37

**IX. प्रौढ शिक्षा**

1. अङ्ग्रेजी भाषा सिक्न तथा अन्य कक्षाका लागि कहाँ जाने ? ............................................ 36

**X. Boise विद्यालय**

1. बालबालिकाको भर्ना ................................................................................. 39

| | | |
|---|---|---|
| 2. | छोराछोरीलाई कुन विद्यालय पठाउने ? ............................................................................ | 39 |
| 3. | निम्न माध्यामिक तथा माध्यमिक तहका विद्यार्थीका लागि Boise विद्यालयमा कस्ता शैक्षिक कार्यक्रमहरु छन् ? ............................................................................ | 39 |
| 4. | बालबालिका कसरी विद्यालय जान्छन् ? ............................................................................ | 40 |
| 5. | विद्यालयमा कुन कुन सुविधाका लागि शुल्क तिर्नुपर्छ ? ............................................................ | 41 |
| 6. | के मेरा छोराछोरी विद्यालय ढीलो जान वा गयल हुन सक्छन् ? .............................................. | 43 |
| 7. | के विद्यार्थीले कक्षा छोडन सक्छन् ? ............................................................................ | 43 |
| 8. | विद्यालयमा के के प्रतिबन्धित छ ? ............................................................................ | 44 |
| 9. | कुनै विद्यार्थीले विद्यालयमा हतियार लिएर आयो भने के हुन्छ ? .............................................. | 44 |
| 10. | Boise विद्यालय जिल्लाका बारेमा अतिरिक्त सूचना चाहिएमा कहाँ सम्पर्क गर्ने ? ........................ | 44 |
| 11. | अङ्ग्रेजी भाषा सिकाउने कार्यक्रमका बारेमा कहाँबाट जानकारी लिने ? .................................. | 45 |

# I अमेरिकी विद्यालय प्रणाली




आइडाहोमा सात देखि 16 वर्षसम्मका बालबालिकाले अनिवार्य विद्यालय जानुपर्छ । हरेक वर्षको अगस्टको अन्त्यतिर वा सेप्टेम्बरको प्रारम्भमा शैक्षिक सत्र शुरु हुन्छ । जुन, जुलाई र अगस्टमा झण्डै तीन महिनाको गृष्मकालीन विदा हुन्छ ।
अमेरिकामा सरकारी र निजी दुवै प्रकारका विद्यालय छन् । सरकारी विद्यालयहरुमा निःशुल्क पढाइ हुन्छ भने निजी विद्यालयहरुले शैक्षिक शुल्क लिन्छन् । सरकारी विद्यालयलाई दिइने पैसा तपाईंको समुदायले तिरेको सम्पत्ति करबाट प्राप्त हुन्छ । यदि तपाईंको आफ्नै घर छ भने त्यस बापत तपाईंले तिरेको करको केही अंश सरकारी विद्यालयका लागि खर्च गरिन्छ । यदि तपाईं भाडाको अपार्टमेण्टमा बस्नुहुन्छ भने घर मालिकले सम्पत्तिकर बुझाउँछ । सरकारी विद्यालयका लागि सरकारले अन्य आर्थिक स्रोत पनि जुटाउँछ ।

## 1. मेरो शहरमा विद्यालयहरु कसरी सञ्चालन हुन्छन् ?




**विद्यालय जिल्ला र विद्यालय बोर्ड**

संयुक्त राज्य अमेरिकामा सरकारी विद्यालयहरुलाई जिल्लाहरुमा विभाजन गरिएको छ । केही जिल्लाहरुमा एउटामात्र गाउँ वा शहर हुन्छ भने अन्य जिल्लाहमा त्यो भन्दाब बढी गाउँ वा शहरहरु हुन्छन् ।
प्रत्येत्र विद्यालय जिल्लामा एउटा विद्यालय बोर्ड हुन्छ । बोर्डका सदस्यहरु उनीहरुको विद्यालय जिल्लामा बस्छन् । विद्यालय बोर्डले त्यस जिल्लामा भएका विद्यालयहरुको बारेमा विभिन्न निर्णयहरु गर्छ । उदाहरणका लागि कुनै जिल्लामा नयाँ विद्यालयको स्थापना गर्नु परेमा त्यसको निर्णय बोर्डले गर्छ । बोर्डले नै विद्यालय निरिक्षक (सुपरिटेण्डेण्ट) को चयन गर्ने गर्छ । निरिक्षक भनेको जिल्लामा भएका विद्यालयहरुको निर्देशक हो ।

## 2 अमेरिकामा कति प्रकारका विद्यालयहरु छन् ?

अमेरिकामा धेरै प्रकारका विद्यालयहरु छन् :

**पूर्व-प्राथमिक विद्यालय (3 देखि 4 वर्षसम्मका बालबालिकाका लागि)** : केही विद्यार्थीहरु पूर्व-प्राथमिक विद्यालय जान्छन् । पूर्व-प्राथमिक विद्यालयमा बालबालिकाहरु विभिन्न खेलहरु खेल्छन् र अङ्क तथा अन्य अक्षरहरु पढ्न सिक्छन् । यस्ता विद्यालयमा बालबालिकाहरु दिनको केही घण्टा र हप्तामा 2, 3 वा 5 दिन मात्र रहन्छन् । सबै विद्यालयहरुमा पूर्व-प्राथमिक विद्यालय हुँदैन । यस्ता विद्यालयहरु निःशुल्क र सशुल्क दुवै प्रकारका छन् ।

**किण्डरगार्टेन (5 वर्षका बालबालिकाका लागि)** : सेप्टेम्बर १ तारिखमा वा त्यसअघि तपाईंका छोरा/छोरी 5 वर्ष पुगिसकेका छन् भने तपाईं उसलाई किण्डरगार्टेन कक्षामा पठाउन सक्नुहुन्छ । यो नेपालको शिशु कक्षा जस्तै हो । बालबालिकाले किण्डरगार्टेन पढ्नै पर्छ भन्ने छैन तर अधिकांश बालबालिका यहाँ पढ्न जान्छन् । किण्डरगार्टन कक्षाहरु हप्ताको पाँच दिन सोमवारदेखि शुक्रवारसम्म सञ्चालन हुन्छन् । अधिकांश किण्डरगार्टेन कक्षाहरु आधा दिनसम्म मात्र चल्छन भने कुनै पूरा दिन चल्ने पनि हुन्छन् ।

**कक्षा (ग्रेड) 1 - 9 (प्राथमिक, निम्न माध्यामिक र माध्यमिक विद्यालय)** : अमेरिकामा शैक्षिक वर्षलाई 'ग्रेड' भनिन्छ । बालबालिकाहरु सोमवारदेखि शुक्रवार हप्ताको पाँच दिन दैनिक साढे पाँच देखि सात घण्टा विद्यालयमा उपस्थित हुनुपर्छ । साना बालबालिकाहरु सामान्यतया एउटा कक्षाकोठामा रहन्छन् र वर्षभरीका लागि एउटामात्र शिक्षकले उनीहरुको शिक्षाको ख्याल राख्छन् । अलि ठूला विद्यार्थीहरुका लागि भने दैनिक 6 देखि 8 ओटा फरक कक्षाहरु सञ्चालन हुन्छन् । फरक विषयका लागि फरक शिक्षकहरु हुने भएकाले उनीहरुले पटक पटक कक्षाकोठा बदल्नुपर्ने हुन्छ । कक्षा 5 अथवा 6 देखि कक्षा 8 सम्म पढाइ हुने विद्यालयहरुलाई निम्न माध्यामिक विद्यालय ( मिडल स्कूल अथवा जुनियर हाइ स्कूल) भनिन्छ ।

**कक्षा (ग्रेड) 10 - 12 (उच्च माध्यामिक विद्यालय)** : बालबालिकाहरु सामान्यतया 15 वर्षको उमेरमा उच्च माध्यामिक विद्यालयमा प्रवेश गरी 18 वर्षको उमेरसम्ममा 'ग्र्याजुएट' (उत्तिर्ण) हुन्छन् । उच्च माध्यामिक विद्यालयका विद्यार्थीहरुले कक्षा बदलिरहनुपर्छ भने एक दिनमा फरक फरक शिक्षकहरुका कक्षाहरुमा उपस्थित हुनुपर्ने हुन्छ । ग्र्याजुएट हुनका लागि उनीहरुले हरेक कक्षामा तोकिएको प्रतिशत उपस्थिति जनाउनै पर्ने हुन्छ । यस्ता विद्यालयहरुले जागिर वा सामुदायिक क्याम्पस तथा विश्वविद्यालयको अध्ययनका लागि विद्यार्थीलाई तयार गर्छन् ।

**विद्यालय अघि र पछिका कार्यक्रम** : केही विद्यालयहरुमा कक्षा शुरु हुनु अघि शिशु स्याहार कार्यक्रम सञ्चालन गरिएको हुन्छ । यस्ता विद्यालयमा बाबुआमाले आफ्ना छोराछोरीलाई कक्षा शुरु हुनु अघि नै ल्याउन सक्छन् । केही विद्यालयहरुमा कक्षा पछि पनि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको हुन्छ । त्यहाँ बालबालिकाहरुले सङ्गीत, खेल, गृहकार्यमा सहयोग वा अन्य गतिविधिहरुका कार्यक्रम सञ्चालन गरिएको हुन्छ । केही विद्यालयहरुले यस्ता कार्यक्रमका लागि अतिरिक्त शुल्क लिन्छन् ।
आफ्ना बालबालिकालाई यस्ता कार्यक्रमको सुविधा दिनका लागि तपाईंले उनीहरुलाई त्यसमा भर्ना गर्नुपर्ने हुन्छ । र, उनीहरुलाई छिट्टै विद्यालय पठाउन वा छुट्टिपछि पनि विद्यालयमा राखिराख्न तपाईंले लिखित सहमती दिनुपर्ने हुन्छ ।

**गृष्मकालीन (समर) स्कूल** : धेरै प्राथमिक र माध्यामिक विद्यालयहरुमा गृष्मकालीन स्कूल कार्यक्रमको सुविधा हुन्छ । यस कार्यक्रममा पढाइमा अतिरिक्त सहयोग चाहिने विद्यार्थीका लागि पनि कक्षाहरु सञ्चालन गरिन्छ । विशेष




गतिविधि तथा विषयहरु जस्तै कम्प्युटर तथा अंग्रेजी भाषा सिक्नेहरुका लागि कन्टेण्ट कक्षाहरु पनि सञ्चालन हुन्छन् । गृष्मकालिन स्कूलका लागि शुल्क तिर्नुपर्ने पनि हुन्छ ।

**माध्यामिक विद्यालय पछि के गर्ने :** माध्यामिक तहको शिक्षा पूरा गर्ने विद्यार्थीहरु काम गर्न वा आर्मीमा जान सक्छन् । उनीहरुले व्यावसायिक विद्यालय, सामुदायिक क्याम्पस अथवा चार वर्षे कलेज तथा विश्वविद्यालयको औपचारिक शिक्षा अध्ययन गर्न सक्छन् ।

अमेरिकामा 4 वर्षे डिग्रीको पढाइ हुने धेरै निजी तथा सार्वजनिक कलेज तथा विश्वविद्यालयहरु छन् । यस्ता क्याम्पस तथा विश्वविद्यालयहरु निकै महङ्गा पनि हुन सक्छन् । तर, विद्यार्थीहरुले छात्रबृत्ति तथा ऋणका लागि आवेदन दिन सक्छन् । केही युवाहरुले निःशुल्क शिक्षा पाउनका लागि आर्मीमा जागिर पनि खाने गरेका छन् ।

सामुदायिक कलेजहरु भनेका सम्पत्ति कर तथा सरकारको सहयोगबाट सञ्चालन भएका दुई वर्षे सार्वजनिक विद्यालयहरु हुन् । यस्ता कलेजहरुमा निजी तथा सरकारी क्याम्पसभन्दा कम शुल्क लाग्छ । दुई वर्ष सामुदायिक

**अतिरिक्त नोटहरु**

कलेजमा अध्ययन गरेपछि विद्यार्थीहरुले 'एशोसिएट अफ आर्टस् डिग्री' लिन वा चार वर्षे विश्वविद्यालय डिग्रीका लागि अध्ययन सुचारु गर्न सक्छन् ।

### 3. माध्यामिक शिक्षा पूरा नगर्ने विद्यार्थीहरुका लागि विद्यालय छन कि छैनन् ?

बालबालिकाले 1-12 कक्षा (ग्रेड)सम्मको विद्यालय अध्ययन जसरी पनि पूरा गर्नुपर्छ । माध्यामिक विद्यालयबाट ग्र्याजुएट हुनु धेरै महत्वपूर्ण हुन्छ । धेरैजसो विश्वविद्यालय तथा रोजगारदाताहरुले मध्यामिक तहको 'डिप्लोमा' सर्टिफिकेट खोज्छन् । तर, केही विद्यार्थीहरुले माध्यामिक शिक्षा पूरा हुनु अघि नै विद्यालय छोडछन् । उनीहरुका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिन्छ :

**साँझको कक्षा :** केही विद्यालयहरुले नियमित अध्ययनबाट बाहिरिने विद्यार्थीहरुका लागि साँझमा कक्षाहरु चलाउँछन् ।

**बैकल्पिक माध्यमिक विद्यालय :** केही जिल्लाहरुमा बैकल्पिक माध्यामिक विद्यालयहरु छन् । यस्ता विद्यालयहरु साना हुन्छन् र नियमित विद्यालयभन्दा फरक भवनमा सञ्चालन गरिएका हुन्छन् ।

**जीईडी कक्षाहरु :** जीईडी कक्षाको उद्देश्य वयस्कहरुलाई जनरल एजुकेशन डिभलपमेण्ट (जीईडी) परीक्षामा पास गराउनु हो । यस्ता कक्षाहरु दिनमा वा साँझमा सञ्चालन गरिन्छन् । वयस्क व्यक्तिहरुले जीईडीलाई माध्यमिक तहको

डिग्रीको रुपमा प्रयोग गर्न सक्छन् । अधिकांश विश्वविद्यालय तथा रोजगारदाताहरुले जीईडीलाई स्वीकार गर्छन् । स्थानीय सार्वजनिक पुस्तकालयहरुबाट जीईडी कक्षाका बारेमा जानकारी लिन सकिन्छ ।



## अतिरिक्त नोटहरु

## II. भर्ना प्रकृया

### 1. बालबालिकालाई विद्यालयमा भर्ना गर्न के गर्नु पर्छ ? त्यसका लागि के कस्ता कागजपत्रहरु चाहिन्छ ?

बालबालिकाको भर्नाका लागि आवश्यक कागजपत्रहरु :

- जन्ममितिको प्रमाण (बालबालिकाको जन्मदर्ता प्रमाणपत्र, आई-94 अथवा बालबालिकाको पासपोर्ट)
- सोसल सेक्युरिटी नम्बर (यदि पाइसकेको छ भने)
- स्वास्थ्य प्रमाणपत्रहरु (खोप लगाएको अभिलेख)
- ठेगानाको प्रमाण : पानी तथा विजुलीको बिल, अपार्टमेण्टको लीज, आइडाहोको आधिकारिक चालक अनुमतिपत्र, अथवा नोटरीबाट प्रमाणित गरिएको आवास करारपत्र (प्रमाणपत्र)
- छ भने बालबालिकाले अध्ययन गरेको अघिल्लो विद्यालयको लब्धाङ्कपत्र (ट्रान्सक्रिप्ट) । बालबालिकाले अमेरिकाका वा आफ्नो मुलुकका विद्यालयमा अध्ययन गरेका हुनसक्छन् । त्यसो भएमा त्यसको प्रमाणपत्र पनि पेश गर्नुपर्छ ।

आफ्ना छोराछोरीको भर्नाका लागि पेश गर्नुपर्ने कगजपत्रहरु बारे विद्यालयबाट जानकारी लिनुहोस् ।

### 2.विद्यालय शुरु गर्नुअघि बालबालिकाका लागि कस्ता प्रकारका मेडिकल फाराम र स्वास्थ्य परीक्षण आवश्यक पर्छ ?

विद्यालय प्रवेश गर्दा बालबालिकाले त्यस उमेसम्ममा लगाउनुपर्ने सबै खोपहरु लगाइसकेको हुनुपर्छ । त्यसो नभएमा उनीहरुलाई विद्यालय शुरु हुँदा कक्षामा प्रवेश दिईंदैन ।

**खोप** : सबै विद्यार्थीहरुले सबै विशेष प्रकारका रोगहरु विरुद्धको खोप लगाएको हुनुपर्छ । यस सम्बन्धमा बढी जानकारीका लागि तपाईंको मुद्दा हेरिरहेको व्यक्ति, प्रायोजक (स्पोन्सर) वा स्कूल नर्ससँग सम्पर्क राख्नुहोस ।



**शारीरिक परीक्षण :** निम्न माध्यामिक वा माध्यामिक विद्यालयमा भर्ना हुन वा खेलमा भाग लिनका लागि विद्यार्थीले अनिवार्य रुपमा शारीरिक परीक्षण गराएको हुनुपर्छ। त्यसपछि डक्टरले उसको मेडिकल फाराम भर्छ। त्यसपछि त्यो फारामलाई विद्यालयमा बुझ्फाउनुपर्छ।

### 3. यदि बालबालिकाले आवश्यक खोप आफ्नो गृह मुलुक वा अर्को राज्यमा लिएका रहेछन भने के हुन्छ ?

यदि तपाईंका छोराछोरीले आवश्यक खोप अन्य मुलुक वा राज्यमा लिइसकेका छन् भने तपाईंले त्यसको अभिलेख बालबालिकाको शारीरिक परीक्षणका बेला डक्टरलाई बुझ्फाउनु पर्छ। त्यसपछि डक्टरले अमेरिकी खोपको प्रमाण दिन्छ। यदि तपाईंका छोराछोरीले खोप लगाएको कागजपत्र तपाईंसँग छैन भने उनीहरुलाई फेरि खोप दिनुपर्ने हुन्छ।

### 4. के बालबालिकाका लागि अन्य परीक्षणको पनि आवश्यकता पर्छ ?

अधिकांश प्राथमिक विद्यालयहरुमा बालबालिकाको दृष्टि (आँखा) तथा श्रवणशक्ति (कान)को परीक्षण गरिन्छ। चस्मा लगाउने बालबालिकाको दृष्टि परीक्षण गरिंदैन। परीक्षण पछि बालबालिकाको दृष्टि वा श्रवणमा समस्या देखिएमा विद्यालयले उनीहरुका बाबुआमालाई पत्र पठाउँछ। यदि तपाईंले विद्यालयबाट यस्तो पत्र पाएमा आफ्ना छोराछोरीलाई पूर्ण परीक्षणका लागि डक्टर वा क्लिनिकमा लैजानुपर्छ।

### 5. शारीरिक परीक्षणका लागि कहाँ सम्पर्क गर्ने ?

कुनै पनि क्लिनिक वा डक्टरको कार्यालयमा बालबालिकाको स्वास्थ्य परीक्षण गर्न वा उनीहरुलाई खोप दिन सकिन्छ। सबै विद्यालयहरुले निःशुल्क वा न्यून शुल्क लाग्ने परीक्षण तथा खोप केन्द्रहरुका बारेमा जानकारी उपलब्ध गराउँछन्।



अतिरिक्त नोटहरु

## III. शैक्षिक पात्रो र शैक्षिक दिन

### 1. एक दिनमा कति घण्टा बालबालिका विद्यालयमा रहन्छन ?

अधिकांश विद्यालयहरुको शैक्षिक सत्र अगस्तको अन्त्यतिर वा सेप्टेम्बरको पहिलो हप्ता शुरु भएर जुन महिनाको पहिलो वा दोस्रो हप्तामा सकिन्छ। विद्यालय एक दिनमा साढे पाँच देखि सात घण्टासम्म खुल्छन्। बालबालिकाले दिउँसोको खाना (लञ्च) विद्यालयमा नै खान्छन्। विद्यार्थिले लञ्च घरबाट ल्याउन वा विद्यालयमै किन्न सक्छन्।

### 2. सार्वजनिक विदा तथा विशेष दिनहरुमा बालबालिका विद्यालय जानु पर्छ कि पर्दैन ?

लेबर डे ........................................ सेप्टेम्बर महिनाको पहिलो सोमवार

थ्याङ्क्सगिभिङ ................................. नोभेम्बर महिनाको चौथो विहीवार

क्रिसमस ........................................ डिसेम्बर 25

नयाँ वर्ष ........................................ जनवरी 1

मार्टिन लुथर किङ डे .......................... जनवरीको तेस्रो सोमवार

राष्ट्रपत्रि दिवस (प्रेजिडेण्टस् डे) ............ फेब्रुअरी को तेस्रो सोमवार

मेमोरियल डे ................................... मे को चौथो सोमवार

माथि उल्लेख गरिएका बाहेकका दिनमा पनि विद्यालय बन्द हुन्छन्। विद्यालयहरुले आफ्नो विदाका लागि समय निर्धारण गरेका हुन्छन्। 'इन्स्टिच्युट डे'मा शिक्षकहरुका लागि विशेष बैठकहरु हुन्छन्। कहिलेकाहीं आन्तरिक सेवाका दिनमा विद्यालय बन्द रहन सक्छ भने कहिलेकाहीं विद्यार्थीहरु छिटै घर फर्किन सक्छन्। विद्यार्थीहरु छिटै घर फर्किनुलाई 'अर्ली रिलीज' भनिन्छ। आन्तरिक सेवाका दिन, छुट्टि, बिदा वा अर्ली रिलिज कहिले हुने भन्ने बारेमा विद्यालयको शैक्षिक क्यालेण्डरमा उल्लेख गरिएको हुन्छ। विद्यालयमा बिदा नभएका बेलामा धार्मिक चाडपर्वको कारणले तपाईका छोराछोरी कक्षामा उपस्थित हुन सक्दैनन् भने त्यसको सूचना विद्यालयलाई दिनुहोस्।

**विद्यालय बन्द रहने अवस्था :** मौसम खराब भएको अवस्थामा पनि कहिलेकाहीं विद्यालय बन्द हुन सक्छ। धेरै हिउँ परेका बेला वा आँधी आएका बेलामा विद्यालय बन्द हुन्छ। आफ्ना छोराछोरीको विद्यालय बन्द हुने कुराको सूचना तपाईं रेडियो सुनेर वा टेलिभिजनमा समाचार हेरेर थाहा पाउन सक्नुहुन्छ।

## उपयोगी सुझाव

**बालबालिकालाई कहिले भर्ना गर्ने थाहा पाउन विद्यालयको शैक्षिक क्यालेण्डर माग्नुस।**



## अतिरिक्त नोटहरु

## IV. विद्यालय जाने

1. बालबालिका कसरी विद्यालय जान र आउन सक्छन् ?

विद्यालय नजीकै बस्ने बालबालिकाहरु हिंडेर विद्यालय जान सक्छन् भने टाढा बस्नेहरु स्कूल बस वा सार्वजनिक यातायातका साधन चढेर विद्यालय जानसक्छन् । स्कूल बसहरुले कुनै शुल्क लिंदैनन् । आफ्ना छोराछोरीलाई स्कूल बसमा विद्यालय पठाउने हो भने तपाईंले निम्न कुराहरु थाहा पाउनुपर्छ ।

- स्कूल बसको नम्बर
- तपाईंका छोराछोरी बस चढ्ने स्थान
- तपाईंका छोराछोरी बस चढ्ने समय
- तपाईंका छोराछोरी बसबाट ओर्लने स्थान
- तपाईंका छोराछोरी बसबाट ओर्लने समय






| | |
|---|---|
| बस नम्बर | |
| चढ्ने स्थान | |
| चढ्ने समय | |
| बस नम्बर | |
| ओर्लने स्थान | |
| ओर्लने समय | |

## V विद्यालयका नियम तथा प्रकृया

### 1. बालबालिका विरामी भएमा के गर्ने ?

बालबालिका विरामी भएमा उनीहरुलाई घरमै राख्नुपर्छ । कहिलेकाहीं काममा जनुपर्ने तथा छोराछोरीसँग घरमा बस्न नसक्ने बाबुआमाले विरामी बालबालिकालाई विद्यालय पठाउने गर्छन् । तर एउटा विरामी बच्चाले अरु बालबालिकालाई पनि विरामी पार्नसक्छ । अधिकांश विद्यालयहरुले निम्न अवस्थामा विद्यार्थीलाई घरमै बस्ने सल्लाह दिन्छन् :

- बालबालिकालाई 100 डिग्री फरेनहाइट (37.7 डिग्री सेण्टिग्रेड) वा त्यो भन्दा बढी ज्वरो आएमा
- विद्यालय जानु अघि वा अघिल्लो दिन साँझ बालकले वान्ता गरेमा
- धेरै खोकी लागेमा
- बालबालिकाको छालामा कुनै समस्या वा घाउ देखा परेमा
- जुम्रा परेमा (बाबुआमाले आफ्ना छोराछोरीको कपालका जुम्रा तथा लिखा सफा गर्नुपछ । त्यसपछि मात्र ऊ विद्यालय जानसक्छ ।)
- बच्चालाई दादुरा भएमा (दादुरा शुरु भएपछि 7 दिन घरमा राख्नुपर्छ)
- बच्चालाई घाँटी दुख्ने समस्या भएमा (24 - 28 घण्टा एण्टिबायोटिक औषधी खाएपछि बालबालिका फेरी विद्यालय जान सक्छन्)
- बच्चालाई ज्वरो आएमा (24 - 28 घण्टा एण्टिबायोटिक औषधी खाएपछि बालबालिका फेरी विद्यालय जान सक्छन्)
- बालबालिकामा आँखा पाक्ने समस्या देखिएमा



कक्षाकोठामा उपस्थित विद्यार्थीमा दादुरा, ज्वरो वा जुम्राजस्ता सरुवा रोगहरु देखा परेमा विद्यालयले बाबुआमालाई एउटा पत्र पठाएर जानकारी दिन्छ । पत्रमा तपाईंका छोराछोरी विरामी भएको कसरी थाहा पाउने भन्ने कुराहरु पनि लेखिएको हुन्छ ।

### 2. बालबालिकाले विद्यालयमा औषधी खानुपर्ने छ भने के गर्ने ?

अत्यन्तै आवश्यक भएको अवस्थामा बाहेक आफ्ना छोराछोरीसँग विद्यालयमा औषधी पठाउनु हुँदैन । विद्यालयमा विद्यार्थी आफैले औषधी खान अनुमती दिइदैन । यदि बच्चाले विद्यालयमा औषधी खानैपर्ने भयो भने बाबुआमाले एउटा पत्र लेखि बच्चाको अवस्थाको बारेमा विद्यालय सचिवलाई जानकारी गराउनुपर्छ । त्यसपछि विद्यालयले औषधी कार्यालयमा लगेर राख्छ । कतिपय विद्यालयले औषधीका लागि डक्टरको प्रेस्क्रिप्सन पनि खोज्न सक्छन् । बालबालिकाको औषधी विद्यालयमा

पठाउनु पर्ने भएमा अन्य झोला वा खाममा हालेर पठाउनु हुँदैन । सक्कली फार्मेसी बोतलमा पठाउनुपर्छ । त्यो बोतलमा निम्न कुराहरु लेखिएको हुनुपर्छ ।

- बच्चाको नाम
- डक्टरको नाम
- औषधीको नाम
- खुवाउनुपर्ने औषधीको मात्रा र समय

औषधी खानका लागि बालबालिका विद्यालयको कार्यालयमा आउनै पर्छ ।

### 3. बालबालिका विद्यालयमा हुँदा उनीहरुको स्वास्थ्यका बारेमा जानकारी लिन म कसलाई फोन गर्नसक्छु ?

विद्यालयमा भएका बेलामा आफ्ना छोराछोरीको स्वास्थ्यको बारेमा जानकारी लिनु परेमा विद्यालय सचिव अथवा काउन्सेलरलाई फोन गर्नुस । छोराछोरी विद्यालय जान नसक्ने भएमा विद्यालय सचिवलाई फोन गर्नुस् ।



## अतिरिक्त नोटहरु

4. **बालबालिका विरामी वा कुनै दुर्घटनामा परेमा विद्यालयले मलाई कसरी खबर गर्नसक्छ ?**
तपाईंको छोरा/छोरी विद्यालयमा विरामी वा दुर्घटनामा परेमा, विद्यालयले तपाईं वा 'इमर्जेन्सी कार्ड'मा उल्लेख भएको व्यक्तिलाई फोन गर्छ ।

**इमर्जेन्सी कार्ड सूचना :** तपाईंको बच्चा भर्ना हुने बेलामा विद्यालयले तपाईंलाई यो कार्ड दिन्छ । इमर्जेन्सी कार्डमा तपाईंले बच्चा विद्यालयमा विरामी भएका वा दुर्घटनामा परेका बेलामा विद्यालयले सम्पर्क गर्नुपर्ने व्यक्तिको नाम, फोन नम्वर लेख्नुपर्छ । हरेक बच्चाका लागि अलग अलग इमर्जेन्सी कार्ड भरेर विद्यालयमा पठाउनुपर्छ ।

**इमर्जेन्सी कार्डमा निम्न कुराहरु लेख्नु जरुरी छ :**

- तपाईंको सम्पर्क नम्बर (तपाईं दिउसो जहाँ रहनुहुन्छ, त्यहाँको टेलिफोन नम्बर)
- अंग्रेजी बुझ्ने साथी वा नजीकको नातेदारको नाम र टेलिफोन नम्बर
- तपाईंको बच्चाको डक्टरको वा क्लिनिकको नाम र टेलिफोन नम्बर
- बच्चालाई चाहिने कुनै विशेष स्वास्थ्य आवश्यकता



| | |
|---|---|
| **तपाईंको दिउसोको टेलिफोन नम्बर** | ☎ |
| **साथीको नाम र टेलिफोन नम्बर** | ☎ |
| **डक्टर/क्लिनिकको नाम र टेलिफोन नम्बर** | ☎ |
| **मेरो बच्चाको विशेष आवश्यकता** | |

माथिको सूचना परिवर्तन हुनासाथ विद्यालयमा सम्पर्क गर्नुस् र नयाँ इमर्जेन्सी कार्ड भर्नुस् ।

बसाइ सराइ : यदि तपाईंले अहिले बसेको अपार्टमेण्ट वा घर बदल्नु भयो भने त्यसको सूचना विद्यालयलाई दिनुस् । साथै विद्यालयलाई तपाईंको नयाँ ठेगाना र सम्पर्क नम्बर पनि दिन नभुल्नुस । तपाईंले नयाँ इमर्जेन्सी कार्ड पनि भर्नुपर्ने हुन्छ ।

### 5. कुनै दिन मेरा छोराछोरी विद्यालय ढीला जानुपर्ने वा गयल हुनुपर्ने भयो भने मैले के गर्नुपर्छ ?

**विद्यालयमा ढीला हुने :** विद्यार्थीहरु विद्यालयमा ढीला हुनु हुँदैन । उनीहरु समयमै आउनुपर्छ । ढीला आएमा शिक्षकले उनीहरुको नाममा 'लेट' वा 'टार्डी' चिनो लगाउन सक्छन् । आफ्ना छोराछोरी विद्यालय जान ढीला हुने भएमा विहानै विद्यालयमा फोन गरेर उनीहरु ढीला हुने जानकारी गराउनु पर्छ । अथवा तपाईंले आफ्नो बच्चासँग त्यसका लागि एउटा नोट पनि  पठाउन सक्नुहुन्छ ।

**गयल हुने :** तपाईको बच्चा विद्यालय जान सक्दैन भने हरेक दिन विहान विद्यालय शुरु हुनुअघि विद्यालयमा फोन गर्नुस । केही विद्यालयमा 'आन्सरिङ मेशिन' पनि राखिएको हुन्छ । तपाईंले त्यहाँ आफ्नो सन्देश छोडन पनि सक्नुहुन्छ ।

तपाईंले विद्यालयमा फोन गरेर निम्न कुराहरुको जानकारी दिनुपर्ने हुन्छ :

- तपाईंको बच्चाको नाम
- बच्चाको कक्षा (ग्रेड) र शिक्षकको नाम
- बच्चा गयल हुनुको कारण
- तपाईंको नाम र फोन नम्बर



कहिलेकाहीं बाबुआमाले आफ्ना छोराछोरीलाई विद्यालय समयमा वा कक्षा नसकिदै बाहिर लैजानुपर्ने हुन्छ । उनीहरुले आफ्नो बच्चालाई डक्टर वा डेन्टिस्टको मा पनि लैजानुपर्ने हुन्छ । तपाईं पनि आफ्नो बच्चालाई विद्यालयबाट बाहिर लैजान चाहनुहुन्छ भने शिक्षकलाई एउटा नोट लेख्नुपर्ने हुन्छ । र, तपाईंको बच्चाले त्यो नोट बिहानै शिक्षकलाई दिनुपर्छ । त्यो नोटमा निम्न कुराहरु उल्लेख भएको हुनुपर्छ ।



- तपाईं किन आफ्नो बच्चालाई विद्यालय बाहिर लैजांदै हुनुहुन्छ
- बच्चालाई विद्यालय बाहिर लैजानुपर्ने कारण
- बाबुआमा वा अभिभावकबाहेक अन्य व्यक्ति बच्चा लिन जानुपर्ने भएमा उसको नाम

विद्यालयमा बच्चा लिन जाँदा कार्यालयमा जानुस र बच्चा लैजाने सूचना दिनुस । विद्यालयले बच्चालाई पठाउनुअघि तपाईलाई एउटा पत्रमा हस्ताक्षर गराउन सक्छ ।

**पारिवारिक बिदा (भ्याकेशन)** : बाबुआमाले आफ्ना बालबालिकालाई विद्यालय चलेको समयमा भ्याकेशनमा लैजानु हुँदैन । बाबुआमाले विद्यालय विदाको बेलामा नै पारिवारिक बिदामा निस्कनुपर्छ । विद्यालय चलेको समयमा विदामा जानुपर्ने भयो भने जानुअघि तपाईंले बच्चाको शिक्षकसँग कुरा गर्नुपर्छ ।

**'मेक-अप' कार्य :** विद्यालयमा गयल हुने विद्यार्थीले आफू अनुपस्थित हुने समयको कक्षाकार्य वा गृहकार्य अनिवार्य रुपमा गर्नुपर्ने हुन्छ । कुनै विद्यार्थी दुई दिनभन्दा बढी गयल हुने भएमा विद्यालयले अभिभावक वा बाबुआमाले विद्यालयमा फोन गरेर 'मेक-अप' कार्य लिनुपर्ने हुन्छ । तपाईं तथा तपाईंको बच्चाको साथी विद्यालय गएर मेक-अप कार्य लिएर आउन सकिन्छ ।

### 6. के म मेरा छोराछोरीको विद्यालय भ्रमण गर्नसक्छु ?

विद्यालय भ्रमण : बाबुआमाले आफ्ना छोराछोरीको विद्यालय भ्रमण गर्न सक्छन् । तर, त्यसरी भ्रमण गर्ने बेलामा तपाईंले विद्यालयको कार्यालयमा सम्पर्क गरी 'भिजिटर्स पास' लिनुपर्छ । तपाईं आफ्नो बच्चाको कक्षा कोठा पनि भ्रमण गर्न सक्नुहुन्छ तर कक्षा समयमा शिक्षकसँग बच्चाको बारेमा कुरा गर्न भने सक्नुहुन्छ । शिक्षकसँग कुरा गर्न चाहने बाबुआमाले पहिले नै त्यसका लागि समय लिनु जरुरी हुन्छ ।

### 7. विद्यालयमा कुनै प्रकारको शुल्क तिर्नु पर्छ कि पर्दैन ?

केही विद्यालय गतिविधि तथा सामग्रीका लागि शुल्क तिर्नुपर्छ ।



**पुस्तक शुल्क** : केही पाठ्यपुस्तकका लागि तपाईंले शुल्क तिर्नुपर्छ । यदि पुस्तकको मूल्य तपाईंले तिर्न नसक्ने गरी महङ्गो छ भने तपाईंले मूल्य घटाउन वा नि:शुल्क उपलब्ध गराउनका लागि विद्यालयलाई अनुरोध गर्न सक्नुहुन्छ । तपाईंको बच्चाले पुस्तकको राम्रो जतन गर्नुपर्छ । किनकी शैक्षिक सत्र सकिएपछि तपाईंले सबै पाठ्यपुस्तकहरु विद्यालयलाई फिर्ता गनुपर्ने हुन्छ ।

**अतिरिक्त क्रियाकलाप** : कहिलेकाहीं खेल, सङ्गीत कक्षा अथवा शैक्षिक तथा सामाजिक क्लबजस्ता अतिरिक्त क्रियाकलापका लागि तपाईंले शुल्क तिर्नुपर्ने हुन्छ । यस्ता गतिविधिहरुमध्ये धेरैजसो विद्यालय समय अघि वा पछि हुने गर्छन् ।

**स्थलगत भ्रमण (फिल्ड ट्रिप)** : कहिलेकाहीं विद्यार्थीहरु संग्रहालय, चिडियाखाना तथा अन्य ठाउँहरुको स्थलगत भ्रमणमा जान्छन् । आफ्नो बच्चा यस्तो भ्रमणमा जानुअघि बाबुआमाले अनुमति पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै कुनै भ्रमणका लागि सामान्य शुल्क तिर्नुपर्ने पनि हुन्छ । कहिलेकाहीं बाबुआमालाई पनि सँगै भ्रमणको अवसर दिइन्छ । भ्रमणमा बालबालिकाको हेरचाह गर्नमा शिक्षकलाई सहयोग गर्नका लागि यस्तो गरिएको हो ।

**दिउसोको खाना (लञ्च)** : घरबाट खाना नल्याउने बच्चाहरुले विद्यालयबाटै खाना किन्न सक्छन् । खानाको मूल्य तिर्न नसक्ने बाबुआमाका लागि धेरैजसो विद्यालयहरुमा नि:शुल्क वा न्यून मूल्यको लञ्च कार्यक्रम सञ्चालन गरिएको हुन्छ । यस्तो कार्यक्रमको सुविधा लिनका लागि बाबुआमाले आफ्नो परिवारको आम्दानी खुल्ने गरी एउटा फाराम भर्नुपर्छ । विद्यालयले उनीहरुको आम्दानी हेरेर नि:शुल्क वा न्यून मूल्यको खाना उपलब्ध गराउने बारे निर्णय लिन्छ ।

8. विद्यालयका नियम तथा अन्य कुराहरुको बारेमा जानकारी चाहिएमा कसलाई सोध्ने ?

विद्यालयका नियम तथा अन्य कुराहरुको बारेमा जानकारी चाहिएमा तपाईंले आफ्ना बच्चाको शिक्षकसँग कुरा गर्न सक्नुहुन्छ ।



## अतिरिक्त नोटहरु

## VI विद्यालयमा काम गर्ने व्यक्तिहरु

1. विद्यालय तथा विद्यालय जिल्ला कार्यालयहरुमा कस्ता कर्मचारीहरु हुन्छन् ?

स्कुल कर्मचारी त्यस्ता व्यक्तिहरु हुन् जसले स्कुलमा काम गर्छन् । कर्मचारीहरु मख्यतया तीन प्रकारका हुन्छन् : प्रशासक, शिक्षक र सहयोगी कर्मचारी ।

**प्रशासकहरुले** पढाउने काम गर्दैनन् । तिनीहरु विद्यालय र अन्य गतिविधिहरुको रेखदेख गर्छन् । प्रशासकहरु विभिन्न प्रकारका हुन्छन् । जस्तै :

| | |
|---|---|
| **निरिक्षक** | निरिक्षक भनेको जिल्लाभरिका स्कुलको निरिक्षण गर्ने प्रशासक हो । |
| **प्रधानाध्यापक** | जिल्ला प्रत्येक स्कुलमा एउटा प्रधानाध्यापक हुन्छन् जो स्कुलको प्रशासक रहन्छ । |
| **उप-प्रधानाध्यापक** | प्रधानाध्यापकको सहयोगीको रुपमा कार्य गर्ने |
| **मुख्य कार्यालय** | जिल्ला प्रशासन जसले जिल्लाव्यापी निर्णयहरु गर्दछ । |

**शिक्षकहरु** विद्यार्थीहरुलाई स्कुल हाता भित्र पढाउँछन् । शिक्षकहरु पनि विभिन्न प्रकारका हुन्छन् :

- *कक्षाशिक्षक :* किण्डरगार्टेनदेखी कक्षा 5वा 6 सम्म विद्यार्थीहरु प्रायः गरेर स्कुल लागेको दिनमा कक्षा शिक्षकसँगै रहन्छन् । कक्षा शिक्षकले धेरै विषयहरु जस्तै पढाई, गणित र विज्ञान पढाउँछन् ।



- *गृहकक्षा/समुह शिक्षक* : निम्न माध्यामिक तथा माध्यामिकस्तरका विद्यार्थीहरुको एउटा शिक्षक हुन्छ । कहिलेकाही तिनीहरु सामुहिक क्रियाकलाप जसलाई सल्लाहकार पनि भनिन्छ मा सामुहिक सहभागी हुन्छन् । गृहकक्षाको अवधिमा विद्यार्थीहरु स्कुलको बारेमा जानकारीहरु लिने तथा अन्य घोषणाहरु सुन्ने गर्दछन् ।

- *अंग्रेजी भाषा सिकारु (ईएलएल) को लागि शिक्षक :* अंग्रेजी भाषा सिकाउने शिक्षकले विद्यार्थीलाई अंग्रेजी पढाई, लेखाई र बोलाई सम्बन्धी आवश्यक निर्देशनहरु पढाउँछन् ।

- *विशेष शिक्षा शिक्षक :* विशेष शिक्षा शिक्षकले त्यस्ता विद्याथीहरुलाई पढाउँछन् जसका विशेष आवश्यकताहरु हुन्छन् । त्यस्ता विद्यार्थीहरुको छनोट 'व्यक्तिगत शिक्षा योजना' नामक वैठकले गर्दछ ।

- *जेहेन्दार शिक्षक :* जेहेन्दार शिक्षकले त्यस्ता विद्यार्थीहरुलाई शिक्षण गर्छन् जसले धेरै राम्रो अंक ल्याउँछन् र जससँग विशेष खालको क्षमता छ ।

- *संगीत शिक्षक :* संगीत शिक्षकले गायन, लय र सांगीतिक उपकरण चलाउने कला सिकाउँछन् ।

- *कला शिक्षक :* कला शिक्षकले चित्रकला, रङ्गकला, माटोको भाँडा बनाउने तथा अन्य कला सिकाउँछन् ।
- *शारीरिक शिक्षा (पीई) शिक्षक/जीम शिक्षक :* शारीरिक शिक्षा शिक्षकले शारीरिक शिक्षा जस्तै खेलकूद तथा व्यायाम पढाउँछन् ।
- *लाइब्रेरियन :* लाइब्रेरियन विद्यार्थी तथा शिक्षकलाई पुस्तकालयसम्बन्धी शिक्षा दिन्छन् । उनीहरुले विद्यार्थी पुस्तकालयबाट किताब लिन सहयोग गर्छन् ।
- *भाषण शिक्षक :* भाषण शिक्षकले उच्चारण र बोलाइमा समस्या भएका विद्यार्थीलाई सहयोग गर्दछन् । यस्ता विद्यार्थीहरुको छनोट 'व्यक्तिगत शिक्षा योजना (इण्डिभिजुअल एजुकेशन प्लान)' बैठकले गर्दछ ।

सहयोगीकर्मचारीहरुले प्रशासन तथा शिक्षकलाई सहयोग गर्ने काम गर्छन् । केही सहयोगी कर्मचारी यस प्रकार छन् :

*विद्यालय सचिव (स्कूल सेक्रेटरी) :* विद्यालय सचिवले फोन उठाउने, चिठ्ठी तथा विभिन्न टिप्पणीहरु तयार गर्ने, स्कुलका पाहुनाहरुको स्वागत गर्ने तथा प्राचार्यलाई सहयोग गर्ने गर्दछन् ।

*विद्यालय उपचारीका :* स्कुल उपचारीकाले सचिवसँग मिलेर विरामी विद्यार्थीहरुको हेरचाह गर्दछिन् ।

*सोसल वर्कर/परामर्शदाता :* सोसल वर्कर तथा परामर्शदाताले विद्यार्थीहरुको घरायसी तथा विद्यालयसम्बन्धी समस्यामा सहयोग गर्दछन् । सोसल वर्करले वच्चा, अभिभावक तथा पूरै परिवारसँग काम गर्दछ । माध्यामिक विद्यालयमा परामर्शदाताले विद्यार्थीहरुलाई कक्षा तथा विषय छनोट गर्न मद्दत पुऱ्याउँछ र कलेज तथा जागीरसम्बन्धी सूचना दिन्छ ।

## 2. बालबालिकाको बारेमा जानकारी लिनु परेमा विद्यालयमा कसलाई सम्पर्क गर्ने ?



- प्राथमिक विद्यालयमा आफ्नो बच्चाको बारेमा सबैभन्दा पहिले तपाईं कक्षाशिक्षक तथा अंग्रेजी भाषा शिक्षकसँग कुरा गर्न सक्नुहुन्छ । तिनीहरुले तपाईंलाई कसले सहयोग गर्न सक्छन् भन्ने कुराको जानकारी दिन्छन् ।
- निम्न माध्यामिक, माध्यामिक तथा उच्च माध्यामिकस्तरको विद्यालयमा तपाईंले आफ्नो बच्चाको गृहकक्ष (होमरुम) शिक्षक तथा अंग्रेजी भाषा शिक्षकसँग सम्पर्क गर्न सक्नुहन्छ ।

शैक्षिक सत्रको सुरुमा तल दिएको तालीकामा आफ्नो बच्चाको बारेमा जानकारीहरु भर्नुहोस् ।

| बच्चाको नाम | विद्यालयको नाम | विद्यालयको फोन नम्बर | कक्षा | शिक्षकको नाम |
|---|---|---|---|---|
| | | ☎ | | |
| | | ☎ | | |
| | | ☎ | | |

## अतिरिक्त नोटहरु

## VII शैक्षिक कार्यक्रम

### 1 मेरा छोराछोरी अङ्ग्रेजी राम्रोसँग बोल्न सक्दैनन्, यसमा विद्यालयले के मद्दत गर्न सक्छ ?

कुनै विद्यार्थीलाई अंग्रेजी बोलाई र पढाई सम्बन्धी समस्या भएमा 'दोस्रो भाषाको रुपमा अङ्ग्रेजी' (ईएसएल) कक्षा लिन सक्नेछन् । ईएसएल कक्षाले विद्यार्थीहरुलाई अंग्रेजीमा बोल्न, पढ्न र लेख्न सिकाउँछ । तिनीहरुले इतिहास र विज्ञानजस्ता विषयको माध्यमबाट अंग्रेजी सिकाउँछन् ।

विद्यार्थी पहिलो पटक विद्यालयमा भर्ना हुँदा तिनीहरुको अंग्रेजी जाँच गरिन्छ । यस्तो जाँचले विद्यार्थीले विद्यार्थीको लागि उपयुक्त कक्षा निर्धारण गर्न विद्यालयलाई सहयोग पुऱ्याउँछ । अंग्रेजी भाषा सिकाइ कार्यक्रमका विद्यार्थीहरुको अंग्रेजी जाँच प्रत्येक वर्ष गरिन्छ । अंग्रेजी भाषामा दक्ष नभएसम्म विद्यार्थीहरुले ईएलएलका कक्षाहरु लिन्छन् ।

### 2 प्राथमिक विद्यलयमा बालबालिकाले कस्ता विषयहरु पढ्नुपर्छ ?

विद्यालयमा विद्यार्थीहरुले जिल्लाले निर्धारण गरेको पाठ्यक्रम पढ्छन् । प्राथमिक विद्यालयमा बच्चाहरु विभिन्न विषयहरु पढ्छन् ।

- पढाई, भाषा कला र गणित (प्रत्येक दिन)
- स्वास्थ्य, विज्ञान, सामाजिक शिक्षा (हप्तामा 2-5 पटक)
- कला, शारीरिक शिक्षा, पुस्तकालय र संगीत (हप्तामा 1 वा 2 पटक)



### 3. निम्न माध्यामिक तहमा कस्ता प्रकारका विषयहरु समावेश गरिएका छन् ?

निम्न माध्यमिक विद्यालयमामा बालबालिकाले पढाइको लागी गरेर कोठा परिवर्तन गरिरहनुपर्छ । फरक-फरक विषयको लागी फरक-फरक शिक्षककहरु हुन्छन् । कक्षामा गएर नपढाए पनि तिनीहरु विद्यालय समयमा विद्यालय भवनमा नै रहन्छन् । निम्न माध्यामिक तहमा विद्यार्थीले अध्ययन गर्ने विषयहरु :

- पढाई र भाषा कला
- विज्ञान
- अन्तर्राष्ट्रिय भाषा (जस्तै स्पेनिस र फ्रेञ्च)
- गणित
- कला
- शारीरिक शिक्षा र स्वास्थ्य
- सामाजिक अध्ययन
- सङ्गीत
- कम्प्युटर

### 4. माध्यामिक तहमा विद्यार्थीले कुनकुन विषयहरु पढ्नुपर्छ ?

माध्यमिक तहमा विद्यार्थीहरु अनिवार्य तथा ऐच्छिक विषयहरु लिन्छन् । अनिवार्य विषयहरु भनेका ग्र्याजुएट हुनका लागि सबै विद्यार्थीहरुले पढ्ने विषयहरु हुन् । उदाहरणको लागी अंग्रेजी र गणित अनिवार्य विषय हुन् ।

केही माध्यमिक विद्यालयमा कठिनाइका विभिन्न तहहरु हुन्छन् । उदाहरणको लागि अंग्रेजीमा प्रारम्भिक, नियमित, एडभान्स्ड तथा अनर्स कक्षाहरु हुन सक्छन् । माध्यमिक तहमा पढाइ हुने केही विषयहरु निम्न प्रकार छन् :

- अंग्रेजी
- गणीत (जस्तै विजगणीत, ज्यामीती)
- विज्ञान (जस्तै : जीव विज्ञान तथा रसायन विज्ञान)
- परिवार र उपभोक्ता विज्ञान
- जिम/शारीरिक शिक्षा
- कम्प्युटर विज्ञान
- उपयोगी प्रविधी
- व्यापार
- सामाजीक विज्ञान
- कला
- विदेशी भाषाहरु
- अंग्रेजी दोस्रो भाषाको रुपमा ( ईएसएल र ईएलएल)



## उपयोगी सुझाव

**सबै विद्यालय कागजपत्रको लागि एउटा फाइल तयार गर्नुस् । धेरैजसो बच्चाहरु विद्यालयका सूचनाहरु घर पुऱ्याउँछन् । त्यस्ता फाइलमा विद्यालय क्यालेण्डर, बस तालीका, विद्यालयका विदाहरु, सार्वजनिक विदाहरु र अन्य सामाग्री तथा घोषणाहरुको वारेमा जानकारी दिइएको हुन्छ ।**

## अतिरिक्त नोटहरु

**5. मेरा छोराछोरीलाई कुनै कुरा सिक्नमा समस्या भयो भने अथवा कुनै विशेष सिकाइको आवश्यकता परेमा विद्यालयले कस्तो सहयोग गर्न सक्छ ?**

विशेष शिक्षा यस्तो कार्यक्रम हो जुन विशेष समस्या भएका विद्यार्थीहरुको लागि तय गरिएको हुन्छ। त्यस्ता विद्यार्थीहरुमा हेराई, सुनाई, बोलाई, हिडाई, सिकाई तथा कक्षाकोठामा गर्ने व्यवहार सम्बन्धी समस्याहरु हुन सक्छन्। पढाइमा सफलताको लागी विद्यालयले विशेष शिक्षा सेवा प्रदान गर्दछ। तपाईंको बच्चालाई विशेष सिकाइको आवश्यकता छ भने :

- बच्चाको विद्यालयमा उपलब्ध सेवाहरुको बारेमा सोध्नुहोस्।
- बच्चालाई विद्यालयमा कस्तो विशेष सहयोगको आवश्यकता पर्न सक्छ विद्यालयलाई बताउनुहोस।
- यदि तपाई अंग्रेजी बोल्नुहुन्न भने वैठकमा दोभाषेको माग गर्नुहोस्।
- विद्यालय तथा त्यहाँका कर्मचारीले प्रदान गरेका सबै महत्वपूर्ण कागजात तथा चिठ्ठीहरु सुरक्षित राख्नुहोस्।

## उपयोगी सुझाव

**तपाईंले अपाङ्गता भएको विद्यार्थीहरुको अधिकारको बारेमा एउटा पुस्तिका आइडाहो स्टेट शिक्षा वोर्डबाट प्राप्त गर्न सक्नुहुनेछ। तपाईं आफ्नो विद्यालयमा फोन गरी 'ए प्यारेन्ट गाइड : दि इजुकेशनल राइट्स अफ् स्टुडेन्ट विथ डिसएविलिटिज' को एक प्रति मगाउन सक्नुहुनेछ।**

**6. विशेष खालको सीप तथा दक्षता भएका बालबालिकाका लागि विद्यालयले कुनै कार्यक्रम सञ्चालन गर्छ कि गर्दैन ?**

वालवालिका जसमा विशेष क्षमता तथा खुविहरु छन् तिनीहरुलाई कहिलेकाहीं 'क्षमतावान' पनि भनिन्छ। त्यस्ता वच्चाहरु कहिलेकाहीं तुलनात्मक रुपमा गाह्रो तथा सिर्जनात्मक कक्षामा सहभागी हुन सक्छन्।

## VIII बालबालिकाको शिक्षा तथा सिकाइमा बाबुआमाको भूमिका

विद्यालयले अभिभावकहरु वालवालिकाकको शिक्षामा सहभागी होउन् भन्ने चाहन्छन् । अभिवावकहरु आफ्नो वालवालीकाको विद्यालयमा विभिन्न तरिकाले सहभागी हुन सक्छन् ।

- प्राधानाध्यापक तथा शिक्षकहरुसँग कुरा गर्न ।
- विद्यालयका क्रियाकलापहरुमा सहभागी हुने ।
- विद्यालयसम्बन्धी विभिन्न विषयहरुमा निर्णय लिन सहयोग गर्ने ।
- विद्यालयमा स्वयंसेवकको रुपमा काम गर्ने ।

### 1. म कसरी आफ्ना छोराछोरीको विद्यालयको बारेमा जानकारी लिन सक्छु ? के मेरो छोरा/छोरीले पढाइमा राम्रो गरिरहेका छन ?

विद्यालयले विद्यालयका क्रियाकलापहरु तथा वालवालिकाको सिकाइ कार्यक्रमहरुको बारेमा विभिन्न तरिकाले अभिभावकलाई जानकारी गराउन सक्छ । धेरै विद्यालयहरुमा निम्नप्रकारका व्यवस्था हुन्छन् ।

**ओपन हाउस** : अभिभावकले आफ्ना वालवालिकाहरु शिक्षकहरु भेट्न कक्षाकोठा अवलोकन गर्न तथा आफ्ना वालवालीकाहरुले के काम गरीरहेका छन् सुन्नको लागि ‘ओपन हाउस’ समयको व्यवस्था हुन्छ ।

**अभिभावक - शिक्षक सम्मेलन** : शिक्षकले प्रत्येक बच्चाको अभिभावकलाई व्यक्तिगत रुपमा भेटी बच्चाको प्रगति तथा कक्षाकोठाको वानी व्यहोराको बारेमा छलफल गर्ने । प्राय गरेर शिक्षकले हिउँदको बेला कम्तीमा वर्षको एक पटक सम्मेलनको आयोजना गरी जानकारी गराउने गर्छन् । तर यदि कुनै वच्चाको सिकाइ तथा वानीव्यहोरामा विशेष समस्या भएमा शिक्षकले अभिभावकलाई वर्षको अन्य कुनै समयमा भेटेर कुरा गर्न सक्छन् । अथवा अभिभावकले कुनै पनि समयमा बैठकको लागि अनुरोध गर्न सक्नेछन् । अभिभावकले कुनै नोट पठाएर वा फोन गरी शिक्षकसँग बैठकको बारेमा बुझ्न सक्नेछन् । धेरैजसो बैठकहरु विद्यालय लाग्नुभन्दा अगाडि तथा पछाडि आयोजना गर्ने गरिन्छ ।

**लिखित सामग्री** : विद्यालयले केही सामग्री हुलाक वा ईमेलबाट र केही बालबालिकसँग घरमा पठाउँछ । विद्यालयले पठाउन सक्ने सामग्रीहरु निम्न प्रकार छन् :

- कक्षाकोठामा गर्ने कार्य, कक्षाकोठामा गर्ने क्रियाकलापहरु, विदाहरु तथा अन्य विद्यालयका कार्यक्रम सम्बन्धी शैक्षिक क्यालेण्डर ।
- कक्षाकोठा तथा विद्यालयमा भएका क्रियाकलाप बारे जानकारी दिने चिट्ठीपत्र तथा न्युजलेटर ।
- अभिभावकका उपायहरु तथा सन्दर्भहरुको लागि अनुसन्धान गर्ने सर्वे ।
- विद्यार्थीको शैक्षिक भ्रमणका लागि अनुमति पत्र ।
- विद्यालयको वैठक, सभा-सम्मेलन, सम्मान कार्यक्रम, विद्यालय बन्द तथा अन्य कार्यक्रमहरुको बारेमा घोषणा ।
- कहिलेकाही अभिभावकहरुको लिखित रुपमा पनि जवाफ दिनुपर्ने हुन्छ । उदाहरणको लागि तपाईंको वालवालिकाहरु शैक्षिक भ्रमण जानु अघि अनुमति पत्रमा हस्ताक्षर गर्नुपर्ने हुन सक्छ ।

**फोन तथा इण्टरनेट** : फोनकल तथा इन्टरनेटको माध्यमबाट पनि विद्यालयले अभिभावकसँग कुरा गर्न सक्छ । शिक्षकहरु धेरैजसो फोनबाटै अभिभावकसंग संचार गर्न सक्छन् । कहिलेकाहीं अभिभावक-शिक्षक बैठक (कन्फरेन्स) फोनबाटै पनि हुन सक्छ । कुनै विद्यालयहरुमा गृहकार्य हट्लाइनको पनि व्यवस्था गरिएको हुन्छ । अभिभावकहरुले निश्चित नम्वर प्रयोग गरी आफ्नो बच्चाहरुको गृहकार्यको बारेमा जानकारी समेत लिन सक्छन् । कुनै विद्यालयहरुमा



वेवसाइटको माध्यमबाटै विद्यालयका कार्यक्रमहरु, कक्षाकोठा गतिविधिहरु तथा शिक्षकलाई कसरी इमेल गर्ने भन्ने सम्बन्धी जानकारीहरु पनि राखिएको हुन्छ ।



अभिभावकहरुले कुनै पनि वेला शिक्षक तथा प्रधानाध्यापकसँग आफ्ना जिज्ञासाहरु फोनको माध्यमबाट राख्न सक्नेछन् । यदि अभिभावकले बच्चाको विद्यालय जान चाहेमा पहिले नै विद्यालयमा फोन गरी समय लिन सक्नेछन् । तपाईंले सिधै विद्यालयमा फोन गर्न तथा शिक्षकलाई नोट पठाउन सक्नुहुनेछ ।

## 2. छोराछोरीले विद्यालयमा कस्तो प्रगति गर्दैछन् भन्ने कसरी थाहा पाउन सकिन्छ ?

**रिपोर्ट कार्ड (विवरण कार्ड)** : रिपोर्टकार्डको माध्यमबाट अभिभावकले बच्चाहरुले विद्यालयमा गरेका प्रगति तथा गतिविधिहरुको बारेमा जानकारी लिन सक्छन् । प्रत्येक विषयको छुट्टै तह निर्धारण गरिएको हुन्छ । अभिभावकहरु आफ्नो बच्चाहरुको रिपोर्ट कार्ड वर्षको चार पटक प्राप्त गर्छन् । बच्चाहरु आफ्नो रिपोर्ट कार्ड घर ल्याउँछन । केही विद्यालयहरुले अभिभावक-शिक्षक बैठकमा रिपोर्टकार्ड अभिभावकलाई दिन्छन् । केही विद्यालयहरुले रिपोर्ट कार्ड अभिभावकलाई इमेल पनि गर्छन् । अभिभावकहरुले रिपोर्टकार्डलाई प्राप्त गरेपछि त्यसमा अथवा बाहिर खाममा हस्ताक्षर गरी विद्यालयमा फिर्ता पठाउनु पर्ने हुन्छ ।




**विषयगत नम्बर (ग्रेड)** : धेरैजसो विद्यालयहरुले विषयगत नम्बर (ग्रेड) अभिभावकहरुलाई तिनीहरुको बच्चाहरुले प्रत्येक विषयमा कस्तो गरेका छन् भनी बताउन प्रयोग गर्छन ।

- ए. अति राम्रो काम
- बी. राम्रो काम
- सी. सामान्य काम
- डी. सामान्य भन्दा तल काम (कमजोर)
- एफ. विषयमा फेल (फेल हुनु)

माथिका ए, बी, सी, र डी भनेका पास ग्रेड हुन् । यद्यपि कुनै कक्षा वा तहमा उत्तिर्ण हुनका लागि विद्यार्थीले मुख्य विषयमा कम्तीमा ‘सी’ प्राप्त गर्नुपर्ने हुन्छ । ‘एफ’ भनेको विद्यार्थीले त्यो विषय पास गरेको छैन भन्ने हुन्छ । यदि कुनै विद्यार्थीले कुनै विषय पास नगरेमा पुन परिक्षामा सहभागी भई पास अंक ल्याउनको लागि अझ बढी मेहनत गर्नुपर्ने हुन्छ ।

विद्यार्थीलाई कति अंक प्रदान गर्ने भन्ने कुरा शिक्षकले निर्धारित गर्छन् । शिक्षकले विद्यार्थीको विद्यालयमा दिने कार्य, गृहकार्य तथा अन्य परीक्षाको मुल्याङ्कन गरी कस्तो ‘ग्रेड’ दिने भन्ने कुराको निर्णय गर्छन् । उनीहरुले विद्यार्थीले कक्षामा कस्तो गर्छन् भन्ने कुरा हेर्ने तथा सुन्ने पनि गर्छन् ।

**प्रगति प्रतिवेदन (रिपोर्ट)** : केही विद्यालयहरुले अन्तरिम तथा प्रगति प्रतिवेदन प्रदान गर्छन् । अभिभावकले यस्तो प्रतिवेदन रिपोर्ट कार्डसँगै प्राप्त गर्छन । कुनै विद्यालयमा प्रत्येक विद्यार्थीहरुका अभिभावकले प्रगति विवारण प्राप्त गर्छन् । ति प्रगति विवरणको माध्यमबाबट अभिभावकले आफ्नो बच्चाहरुले प्रत्येक विषयमा कस्तो गरिरहेका छन् भन्ने जानकारी पाउँछन् । अन्य विद्यालयहरुमा विशेष समस्या भएका बच्चाा अभिभावकहरुले अन्तरिम विवरण प्राप्त गर्छन् । ति विवरणहरुको माध्यमबाट अभिभावकहरुले आफ्ना बच्चाहरुको निश्चित विषयमा रहेका समस्याहरुको बारेमा जानकारी पाउँछन् ।

## 3. विद्यालयका बारेमा कुनै निर्णय लिनु परेमा मैले कसरी मद्दत गर्न सक्छु ?

अभिभावकहरुले विद्यालय प्रशासकहरुलाई विद्यालयका कार्यक्रमहरुको बारेमा निर्णय लिन सहयोग गर्न सक्छन् । विद्यालयले विभिन्न अभिभावक समूहलाई वैठकमा सहभागी हुनको लागि आमन्त्रीत गर्छन् । अभिभावकहरुले ति समुहगत वैठकहरुमा आफ्नो वालवालिकाहरुको विद्यालयको कार्यक्रम बारे विभिन्न राय, उपाय तथा सल्लाहहरु दिन सक्छन् ।

- *अंग्रेजी सिकारुहरुका Boise अभिभावक* भन्ने अभिभावकको एउटा समुह हो जसले  ईएसएलजस्ता विशेष कार्यक्रमहरुमा कसरी सुधार ल्याउन सकिन्छ भनि विद्यालयलाई विभीन्न उपाय र सल्लाहहरु दिन्छ ।

- *विधालय सुधार समिति समूहले* विभीन्न योजनाहरु विकास गरी कसरी विद्यालय, अभिभावक, कर्मचारीहरु तथा समाजले विधार्थीहरुको सिकाइमा सुधार गर्न सक्छन् भन्ने योजना बनाउँछ ।

- *अभिभावक-शिक्षक संस्थाले* विद्यालयको सहयोगका लागि आवश्यक कार्यक्रमको योजना बनाउँछ । उदाहरणको लागी अभिभावक शिक्षक संस्थाले पुस्तकमेला आयोजना गरी पुस्तक विक्री गर्न सक्छ । सो कार्यक्रमबाट आएको पैसाको प्रयोग गरी कक्षाकोठामा आवश्यक पर्ने कम्प्युटर खरिद गर्न सक्छन् ।

## 4. आफ्ना छोराछारीको विद्यालयका केकस्ता कार्यक्रममा सहभागी हुन सकिन्छ ?

आफूले आयोजना गर्ने विशेष कार्यक्रममा विद्यालयले अभिभावकहरुलाई आमन्त्रीत गर्दछ । त्यस्ता कार्यक्रमहरुले शिक्षक अभिभावक र बालवालीकाहरु परिचित हुन सहयोग गर्दछ ।

कहिलेकाँही अभिभावक आफ्ना छोराछोरीका गतिविधिहरु अवलोकन गर्नको लागि पनि विद्यालयमा आउँछन् । जस्तै :

- आफ्ना वच्चाहरुले खेल्ने विभिन्न खेलहरु जस्तै फुटवल भलिवल तथा  वास्केटवल जस्ता एथलेटीक्स क्रियाकलाप अवलोकन गर्ने ।

- आफ्ना वच्चाहरुको अभिनय, गायन कला, बाद्यवाद्यन, वजाउने कला, नाटक तथा सांगीतिक प्रस्तुती हेर्न ।

- विभिन्न सम्मेलन तथा ग्र्याजुएसन कार्यक्रमहरुमा आफ्ना वच्चाहरुले सम्मान तथा पुरस्कार पाएको हेर्न ।

- अंग्रेजी सिकाई क्रियाकलापका वोएज अभिभावकहरु ।

विद्यालयले विद्यार्थीका अभिभावकलाई विद्यालयसम्बन्धी नयाँ जानकारी दिनको लागी पनि आमन्त्रीत गर्छन् । केही क्रियाकलापहरुको तल व्याख्या गरिएको छ ।

- *करिकुलम नाइट :* करिकुलम नाइटको आयोजना विद्यार्थीहरुले शैक्षीक सत्रमा के सिक्नेछन् भनी देखाउन गरिन्छन् । अर्को तहमा प्रवेश पाउन वा ग्र्याजुएसनको लागी विद्यार्थीहरुले के सिक्नुपर्ने हुन्छ भन्ने कुराको शिक्षकहरुले व्याख्या गर्न सक्छन् ।

- अभिभावक कार्यशाला : अभिभावक कार्यशालाले आफ्ना वच्चाहरुको स्तर उकास्नको लागी अभिभावकहरु लाई विभिन्न उपायहरु दिन्छ । अभिभावकहरुले आफ्ना वच्चाहरु स्वस्थ र सफल हुनको लागी सहयोग गर्ने उपायहरु सिक्न सक्छन् । उदाहरणको लागी कसरी विधार्थीहरुलाई विद्यालयमा राख्ने अथवा कसरी विद्यालय छोड्ने प्रवृत्ति हटाउने विषयमा एउटा कार्यशाला गर्न सकिन्छ । अभिभावक कार्यशालाले कसरी आफ्ना वच्चाहरुलाई सिक्नमा सहयोग गर्ने भन्ने कुरा पनि सिकाउन सक्छ । उदाहरणको लागी कसरी आफ्नो वच्चाहरुको लागी पुस्तक पढ्ने भन्ने कुरा सिक्नका लागि अभिभावकहरु कार्यशालामा सहभागी हुन सक्छन् ।

- *विद्यालय अभिमुखिकरण* : विद्यालय अभिमुखिकरण अभिभावक र नयाँ विद्यार्थीहरुको लागि हो । अभिमुखिकरण तालीममा किण्डरगार्टेन, निम्नमाध्यामिक विद्यालयमा पहिलो वर्ष र माध्यामिक विद्यालयका पहिलो वर्षका विद्यार्थीका अभिभावकहरुको लागी व्यवस्था गरिएको हुन्छ । अभिभावकहरुले आफ्ना वच्चाहरुले अध्ययन गर्ने नयाँ विद्यालयको बारेमा जानकारी पाउँछन् । उदाहरणको लागी अभिभावकले नयाँ विद्यालयको पोशाकको बारेमा जानकारी लिनसक्छन । आफ्ना छोराछोरीलाई कसरी विषय छनौट गर्न सहयोग गर्न सकिन्छ भन्ने कुराहरु सिक्न सक्छन् ।

कहिलेकाही समाजमा अभिभावक र परिवारको लागी विद्यालयले केही सामाजीक क्रियाकलापहरु जस्तै अन्तर्राष्ट्रिय मेला, अभिभावक सम्मान दिवस र विद्यालय गौरव दिवश (प्राइड डे) आयोजना गर्दछ । विद्यालयमा रमाइलो गर्नको लागी परिवारका सदस्यहरु विद्यालय आउँछन् । उदाहरणको लागि अन्तर्राष्ट्रिय मेलामा उनीहरुले धेरै मुलुकका विभीन्न परीकारहरु चाख्न पाउँछन् ।

## 5. छोराछोरीको विद्यालयलाई के कसरी सहयोग गर्न सकिन्छ ?

कहिलेकाहीं विद्यालयलाई विद्यालय क्रियाकलापको आवश्यकता पर्दछ । विधालयले विभिन्न क्रियाकलापमा सहयोगको लागी अभिभावकहरुलाई अनुरोध गर्न सक्छ ।

**कक्षाकोठा र सिकाई क्रियाकलापहरुमा** अभिभावकहरुले निम्न कुरामा सहयोग गर्न सक्छन् ।

- आफ्नो जागीर र देशको वारेमा कक्षामा कुरा गर्ने ।
- कुनै एक कक्षासँग शैक्षिक भ्रमणमा जाने ।
- विद्यार्थीहरुको लागी पढ्ने तथा तिनीहरुले पढेको सुन्ने ।

**विद्यालय कार्यक्रममा** निम्न तवरले सहयोग गर्न सक्छन् ।

- विद्यालयमा हुने नृत्य कार्यक्रममा सहयोग गर्ने ।
- अभिभावक वैठकमा जलपान गराउने ।
- कोषवृद्धि तथा आर्थिक सहयोग कार्यक्रममा भाग लिने ।
- अंग्रेजी सिकाई कार्यक्रमको Boise अभिभावकहरुलाई सहयोग गर्ने ।

अभिभावकहरु विभिन्न तवरले विद्यालयको कार्यक्रममा सहभागी हुन सक्छन् । विद्यालयलाई तपाईंको सहयोग, उपाय, सल्लाह र उपस्थीती आवश्यक छ । तपाईं पनि शिक्षाको महत्वपूर्ण भाग हो । तपाइहरुलाई सधैं विद्यालयमा स्वागत छ ।

## 6. छोराछोरीको पढाइमा सहयोग पुऱ्याउन घरमा के गर्ने ?

सफल विद्यार्थी स्कुल आउन र नयाँ कुरा सिक्न सधैं आतुर हुन्छन् । उनीहरुमा गहन अध्ययन गर्ने बानी हुन्छ । विद्यालयमा राम्रो गर्नको लागी अभिभावकले विभिन्न तरिकाले आफ्ना वच्चाहरुलाई सहयोग गर्न सक्छन् । तपाईंले कम अंग्रेजी वोलेता पनि सहयोग गर्न सक्नुपर्छ । आफ्ना छोराछोरुलाई सहयोग गर्नकै लागि तपाईंलाई अंग्रेजी आउनै पर्छ भन्ने छैन । यहाँ केही महत्वपूर्ण उपायहरु दिइएको छ जस्ले तपाइको वच्चालाई सिक्न सहयोग गर्छ ।



**मौसम अनुसारको पोशाक** : तपाई यो कुरा निश्चित गर्नुस कि तपाईको वच्चाहरुको पोशाक मौसम अनुकूल छ । उदाहरणको लागि यदि वाहिर जाडो छ भने वच्चाहरुले कोट, टोपी, पञ्जाजस्ता न्याना कपडा लगाउनु पर्छ ।

**स्कूल युनिफर्म तथा ड्रेस कोड** : कुनै विद्यालयहरुमा विद्यालय ‘युनिफर्म’ अनिवार्य हुन्छ । उदाहरणको लागी विद्यालय पोशाक सेतो सर्ट, निलो पेन्ट वा स्कर्ट हुन सक्छ । केही विद्यालयहरुमा युनिफर्म नहुन पनि सक्छ । तर पोशाक नियमहरु हुन्छ । पोशाक नियम भनेको विधालयमा विधार्थीले पोशाक लगाउने नियम हो । उदाहरणको लागी कुनै विधालयमा केटाहरुले कक्षाकोठामा टोपी लगाउन पाउँदैनन् भने केटीहरु ‘हल्टर टप’ जस्ता कपडा लगाउन पाउँदैनन् । यदि विधार्थीहरुले राम्रोसँग कपडा नलगाएमा केही विद्यालयहरुले उनीहरुलाई घर फिर्ता पठाउन पनि सक्छन् ।

**शैक्षिक तथा विद्यालय सामाग्रीहरु** : बालबालिकाहरुले कक्षामा शैक्षीक सामाग्रीहरु ल्याउनुपर्छ । शैक्षिक सामाग्रीहरु भन्नाले कापी, कलम, सिसाकलम, इरेजर आदि पर्छन् । धेरैजसो अवस्थामा आवश्यक सामाग्रीहरुको सूची शिक्षकले नै विद्यार्थीहरुलाई प्रदान गर्दछन् । यदि तपाईं शैक्षीक सामाग्री किन्न असमर्थ भएमा शिक्षकको सहयोग लिन सक्नुहुन्छ ।

विद्यालयमा छोराछोरीले गरेका कामको बारेमा कुरा गर्ने : अभिभावकहरुले प्रत्येक दिन आफ्ना छोराछोरीसँग उनीहरुले विद्यालयमा गरेको कामको बारेमा कुरा गर्नुपर्छ । उनीहरुलाई ‘आज तिम्रो विद्यालय के भयो ?’ भनेर सोध्नुहोस् । आजको लागि केही महत्वपूर्ण गृहकार्य छ कि भनेर सोध्नुहोस् । विद्यालयले तपाईंका छोराछोरीको शिक्षामा तपाईंले सहाभागीताको अपेक्षा गर्दछ । तपाईंले आफ्ना बच्चाहरुले विद्यालयमा के पढिरहेका छन् सोध्न सक्नुहुन्छ । तपाईंले आफ्नो वच्चाहरुको मार्क गरेको कपी देखाउन पनि भन्न सक्नुहुन्छ ।

**गृहकार्यमा सहयोग गरेर** : गृहकार्य भनेको वच्चाहरुलाई घरमा गर्नको लागि दिइएको काम हो ।

गृहकार्यहरु विभिन्न प्रकारका हुन्छन् । वच्चाहरुले निम्न कुराहरु गर्न सक्छन् ।



- विद्यालयमा सुरु गरेका गृहकार्य सक्ने
- विद्यालयमा पढेको कुरा अभ्यास गर्न गृहकार्य गर्ने (जस्तै पढने वा गणित अभ्यास गर्ने)
- विशेष प्रोजेक्टहरु गर्ने जस्तै : पुस्तक रिपोर्ट, विज्ञान अन्वेशण गर्ने वा नक्सा बनाउने ।
- हाजीरी जवाफ वा जाँचको लागि पढ्ने



शिक्षकले प्रत्येक रातका लागि कति गृहकार्य दिने भन्ने कुराको निर्णय गर्छन् । सबै शिक्षकहरुले सधैं उति नै गृहकार्य दिन्छन् भन्ने छैन । ठूला विद्यार्थीहरुले सानाको तुलनामा धेरै गृहकार्य पाउँछन् । यहाँ केही उपायहरु छन् जसको मद्दतले तपाईंले आफ्ना छोराछोरीहरुको गृहकार्यमा सहयोग गर्न सक्नुहुन्छ ।

**गृहकार्य समय** : वालवालिकाहरुको दैनिक क्रियाकलापहरु धेरै हुन्छन् । जस्तै :- खेल्ने समय, घरायसी कामहरु, साथीलाई भेट्ने, विद्यालय पछिका कार्यक्रमहरु र गृहकार्य । तपाईंले उनीहरुको गृहकार्यमा सहयोग गर्ने समय छुट्याएर सहयोग गर्न सक्नुहुन्छ । यदि वच्चाहरु गृहकार्य सधै एउटै समयमा दिउसो अथवा साँझमा गरे भने राम्रो हुन्छ तर राती ढिलोसम्म बसेर काम चाहीं गर्नु हुँदैन । गृहकार्य गर्ने समयमा तपाईंले टी.भी., रेडियो, र कम्प्युटर बन्द गर्नुपर्छ । वच्चाहरुलाई गृहकार्यका लागि शान्त ठाउँको आवश्यकता पर्छ ।

**गृहकार्य हेर्ने** :- तपाईंले बच्चाको गृहकार्य हेर्दा सफा र पुरा छ कि छैन ख्याल गर्नु पर्छ । तपाईंले उनीहरुलाई आफ्नो गृहकार्य तपाईं समक्ष व्याख्या गर्न लगाउन सक्नुहुन्छ । यसरी व्याख्या गर्दा गल्तीहरु पत्ता लगाउन सकिन्छ ।

**गृहकार्यमा समस्या** :- कहिलेकाहीं वच्चाहरु गृहकार्य पूरा गर्न सक्दैनन् किनकी तिनीहरुले ठ्याक्कै यही गर्नुपर्ने भनेर बुझेका हुँदैनन् । यदि अभिभावकले बुझ्छन् भने सहयोग गर्न सक्छन् तर अभिभावकले कहिल्यै पनि बच्चाको गृहकार्य गरिदिनु चाहीं हुँदैन ।

धेरैजसो अभिभावक गृहकार्यमा आफ्नो वच्चाहरुलाई सहयोग गर्न नसक्ने अनुभव गर्दछन् । कहिलेकाहीं अभिभावक अंग्रेजी बुझ्दैनन् वा गृहकार्यमा दिइएको विषय बुझ्दैनन् । यदि अभिभावकहरुले बच्चाहरुको गृहकार्यमा सहयोग गर्न सक्दैनन् भने शिक्षकलाई फोन गर्ने तथा नोट लेखेर पठाउने गर्नुपर्छ । अभिभावकले आफ्ना छोराछोरीको शिक्षकलाई गृहकार्य गर्न समस्या भएको कुरा जानकारी गराउनु पर्छ । वच्चाहरुले कहिलेकाहीं विद्यालय अगाडि, विद्यालय पछाडि वा स्कूलअवधिमा नै गृहकार्य सम्बन्धी अतिक्ति सहयोग प्राप्त गर्न सक्छन् ।



कहिलेकाहीं बच्चाहरु गृहकार्य गर्न चाहँदैनन् । उनीहरु टीभी हेर्न वा खेल खेल्न समय पाउँछन् तर गृहकार्यका लागि समय हुँदैन । यसरी बच्चाहरुले गृहकार्य नगरेमा शिक्षकले अभिभावकलाई पत्र लेखेर जानकारी गराउँछन् । गृहकार्य नगर्ने विद्यार्थीका लागि के गर्ने भन्ने कुराको निर्णय शिक्षक र अभिभावक मिलेर गर्छन् । गृहकार्य नगर्ने विद्यार्थीले कम ग्रेड पाउँछन् ।

**पुस्तकालय** : कुनै गृहकार्यका लागि बालबालिकालाई पुस्तकालयसम्म जानुपर्ने हुनसक्छ । सामान्यतया पुस्तकालयमा भएका सबै सामग्रीहरु त्यहीं बसेर प्रयोग गर्न सकिन्छ । तर तपाईंका छोराछोरीले पुस्तक वा अन्य सामग्रीहरु घर लैजान वा पुस्तकालयको कम्प्युटर प्रयाग गर्न चाहन्छन भने लाइब्रेरी कार्डको आवश्यकता पर्छ । तपाईंले आफ्नो ठेगाना  पुष्टि गर्ने कागजपत्र, वा परिचयपत्र पेश गरेर लाईब्रेरी कार्ड बनाउन सक्नुहुन्छ ।

**सँगसँगै पढ्ने वा कुरा गर्ने :** घरमा अध्ययन गर्ने बच्चाहरुले विद्यालयमा राम्रो गर्छन । त्यसैले घरमा सम्पूर्ण परिवार नै बसेर पढ्ने समय छुट्याउन राम्रो हुनसक्छ । यस्तो समयमा तपाईंले आफ्ना छोराछोरीका लागि पढ्न सक्नुहुन्छ । उनीहरुलाई केही पढाएर सुनाउन सक्नुहुन्छ वा आ-आफ्नो रुचीका विषयहरु पढ्न सक्नुहुन्छ । तपाईंले अंग्रेजी वा आफ्नो मातृभाषामा केही पढेको देख्दा तपाईंको बच्चामा सकारात्मक प्रभाव पर्नेछ ।

यदि तपाईंलाई पढ्न गाह्रो छ भने छोराछोरीलाई कथा सुनाउनुस । तपाईं उनीहरुलाई आफू सानै छँदा घटेका घटनाहरु व उनीहरु बच्चा हुँदाका अनुभवहरु सुनाउन सक्नुहुन्छ । अथवा तपाईं छोराछोरीले भनेका कथा सुन्न पनि सक्नुहुन्छ । यस्ता कथा अंग्रेजी वा मातृभाषामा हुनसक्छन् ।

**फ्यामिलि लर्निङ एक्टिभिटिज र फ्यामिली रिसोर्स सेण्टर :** धेरै विद्यालय तथा सामुदायिक संस्थाहरुले साँझ अथवा सप्ताहन्तमा फ्यामिली लर्निङ कार्यक्रम सञ्चालन गर्छन् । यस्ता कार्यक्रममा बाबुआमा र छोराछोरीहरु सँगै जान्छन् । यस्ता कार्यक्रममा तपाईंको परिवारले गणित, विज्ञान, वाचन र कम्प्युटर सिक्न सक्छ । अझ धेरै सिक्नका लागि तपाईंले केही सामग्रीहरु घर लैजान पनि पाउनुहुन्छ ।

केही विद्यालयहरुमा फ्यामिली रिसोर्स सेण्टर (पारिवारिक स्रोत केन्द्र) हरु हुन्छन् । यस्ता सेण्टरबाट अभिभावकले विभिनन सामग्रीहरु केही समयका लागि घर लैजान पाउँछन् । यहाँ बच्चाको विकास, पोषण, सुरक्षा, स्वास्थ्य र सिकाइका गतिविधिहरुसम्बन्धी सामग्रीहरु हुन्छन् । ती केन्द्रमा किताव, खेलसामग्री, भिडिया, टेप रेकर्डर तथा अडियो टेपहरु हुन्छन् ।

## उपयोगी सुझाव

**आफ्ना छोराछोरीको विद्यालयमा पारिवारिक सहयोग केन्द्र अथवा फ्यामिली लर्निङ गतिविधि छन् कि छैनन भन्ने बुझ्न त्यहाँ सम्पर्क गर्नुस ।**

## 7. छोराछोरीको माध्यामिक शिक्षा पछिको जीवनका लागि योजना बनाउन कसरी सहयोग गर्ने ?

अभिभावकहरुले विद्यालयका कर्मचारीहरुको खोजी गर्नुपर्छ जसले उनीहरुको बच्चाहरुको भविष्यको योजना निर्माणमा मद्दत गर्न सकुन । उच्च शिक्षा परामर्शदाता तथा करियर परामर्शदाताले वच्चाहरुले उच्च शिक्षा पछि के गर्ने भन्ने निर्णय लिनमा अभिभावकहरुलाई मद्दत गर्न सक्छन् । तपाईंको वच्चाले उच्च शिक्षा प्रारम्भ गर्ने बेलासम्ममा भविष्यका योजनाका बारेमा सोच्न थालिसकेको हुन्छ । उच्च शिक्षाको अन्तिम वर्षमा यस वारेमा निर्णय लिनु उत्तम हुन्छ । यदि वच्चाहरुले कलेज ढिला सुरु गर्ने निर्णय गरे भने उनीहरुले कलेजका सबै विषय (कोर्ष) पढन नपाउन पनि सक्छन् । कलेजमा प्रवेश गर्नका लागि विद्यार्थीहरुले तयारीस्वरुप निश्चित विषयहरु उच्च शिक्षा अध्ययनकै क्रममा पढेको हुनुपर्छ । विद्यार्थिहरुले कलेजमा आवेदन दिनका लागि माध्यामिक विद्यालयमै परिक्षा दिनु पर्ने हुन्छ ।



## IX प्रौढ शिक्षा

### 1. अङ्ग्रेजी भाषा सिक्न तथा अन्य कक्षाका लागि कहाँ जाने ?

प्रौढ मानिसहरुका लागि सिक्ने थुप्रै अवसरहरु हुन्छन् । धेरै कक्षाहरु निःशुल्क हुन्छन् भने केहीका लागि शूल्क तिर्नुपर्ने हुन्छ । कक्षा दिवा र सन्ध्याकालीन समयमा उपलब्ध हुन्छन् । प्रौढका लागि कक्षाहरु प्रायः सामुदायिक कलेजहरु, विधालयहरु, पुस्तकालयहरु र सामुदायिक केन्द्रहरुमा उपलब्ध हुन्छन् ।

केही प्रौढ शिक्षाका कक्षाहरु निम्न छन् :

- इङलिस एज अ सेकेण्ड ल्याङग्वेज (दोस्रो भाषाको रुपमा अङ्ग्रेजी - ईएसएल) : आधारभूत अङ्ग्रेजी भाषाका लागि

- जनरल एजुकेशन डेभलपमेण्ट (सामान्य शिक्षा विकास - जीइडी) र आधारभुत कला : आधारभूत वाचन र गणित कला र जीइडी परीक्षाको तयारी (उच्चशिक्षा पूरा गर्न)



Boise राज्यमा एकेडेमिक कार्यक्रमहरु र कलेज तथा विश्वविद्यालयहरु पनि छन् । एकेडेमिक कार्यक्रमहरुले वयस्कहरुलाई कलेज अध्ययनका लागि तयारी गराउँछन् । यसका लागि उनीहरुले शुल्क लिन्छन् ।

थप जानकारीका लागि इण्टरनेटमा Idaho एडल्ट बेसिक एजुकेशन र नेशनल इन्स्टिच्युट फर लिटरेसी (साक्षरताका लागि राष्ट्रिय केन्द्र)को वेवसाइट हेर्नुहोस् : http:/ www.nwlincs.org/ idalincs

### उपयोगी सुझावहरु

तपाईंले शिक्षासम्बन्धी थप जानकारीहरु निम्न क्षेत्रबाट प्राप्त गर्न सक्नुहुन्छ :

- तपाईंको बच्चाको विद्यालय
- लर्निङ ल्याब (सिकाइ प्रयोगशाला)
- सार्वजनिक पुस्तकालय
- वोइस स्टेट युनिभर्सिटी
- धार्मिक तथा जातीय संस्थाहरु
- कलेज अफ वेस्टर्न आइडाहो

# Boise स्कुल जिल्ला

हाम्रो उपरिक्षकबाट यहाँहरु सबैलाई
**BOISE** विद्यालयमा स्वागत छ



**Dr. Don Coberly**

# इण्डिपेण्डेण्ट स्कुल डिष्ट्रिक अफ **Boise** सिटी

प्रिय अभिभावकहरु :

यहाँहरुलाई Boise स्कुल डिष्ट्रिकमास्वागत छ । यहाँ र यहाँको बच्चा हाम्रो समुदायको एउटा हिस्सा भएकोमा हामी खुसी छौ । हामी प्रत्येक विद्यार्थीहरुलाई महत्व दिंदै उसको व्यक्तिगत सवलतालाई थप वृद्धि गर्न अनि कमजोरीलाई सुधार्न प्रयास गर्छौं । यहाँको बच्चाको शैक्षिक अनुभवलाई अझ बलियो बनाउन र बढाउन Boise सँग थुप्रै कार्यक्रमहरु छन् जसले कलेज र करियरका लागि वच्चालाई तयार पार्दछ । अनुभवी र दक्ष शिक्षकले यस्तो कार्यक्रमहरुको नेतृत्व गरिरहेका छन् ।

यहाँको परिवार हाम्रो जिल्लामा आएकोमा हामी उत्साहित भएका छौं । यदि यहाँहरुसँग केही प्रश्न छन वा थप जानकारी चाहिएको छ भने कृपया स्थानीय विद्यालयमा सम्पर्क गर्नुहोस् । उनीहरुले आवश्यक भएमा थप व्याख्या गर्ने छन् । Boise विद्यालयमा यहाँहरुको सहभागिता विद्यार्थी र हाम्रो जिल्लाको सफलताको लागि महत्वपूर्ण छ ।

प्रार्थी

Dr. Don Coberly
उपरिक्षक (सुपरिटेण्डेण्ट)

Don Coberly

*सुन्दर भविष्यका लागि आज शिक्षा...*

# X. Boise विद्यालय

## 1. बालबालिकाको भर्ना

यदि तपाईंको घरको भाषा अंग्रेजी नभएर अरु केही हो भने यहाँले Boise को ईएलएल (इङ्लिस ल्याङ्ग्वेज लर्नर्स) भर्ना विशेषज्ञ डाइन लाई सम्पर्क गर्नु पर्नेछ। विशेषज्ञलाई बिहान 7 बजेदेखी अपरान्ह 2:30 सम्म 472-3097 मा सम्पर्क गर्न सकिन्छ। उनीहरुले तपाइलाई सम्पूर्ण कागजी प्रक्रियाका लागि सहयोग गर्नेछन् र विद्यालय, प्रधानअध्यापक र शिक्षकसँग परिचय गराउनेछन्।

## 2. छोराछोरीलाई कुन विद्यालय पठाउने ?

प्राथमिक तहमा (किण्डरगार्टेन देखि छ कक्षासम्म) अध्ययन गर्ने बच्चालाई भाषिक सहयोग आवश्यक रहेमा ELL विद्यालयमा आधारभुत तहमा राखिनेछ। यस्तो विद्यालयमा सकेसम्म एउटा उमेरसमूहका विद्यार्थीलाई एउटै कक्षामा राखिन्छ।

माध्यमिक तहमा विधार्थीलाई (कक्षा 7 - 12 सम्म) Borah वा Hillside Bridge कार्यक्रममा वा नजिकैको निम्न माध्यामिक (7 देखी 9 कक्षा) वा माध्यामिक विद्यालय (10 देखी 12 कक्षासम्म) मा पठाइनेछ।

## 3. निम्न माध्यामिक तथा माध्यमिक तहका विद्यार्थीका लागि Boise विद्यालयमा कस्ता शैक्षिक कार्यक्रमहरु छन् ?

- **ब्रिज कार्यक्रम** - अमेरिकाभित्र २ वर्षभन्दा कम समय बसोबास गरेका विद्यार्थीहरुलाई ELL शिक्षकहरुले अङ्ग्रेजी, गणित, विज्ञान र अन्य विषयहरु अध्यापन गराउँदछन्।
- **नजिकको निम्न माध्यामिक विद्यालय** (सामान्य तथा कुशलरुपमा अंग्रेजी बोल्ने विद्यार्थीका लागि) : विशेषज्ञ शिक्षकहरुले अङ्ग्रेजी, गणित, विज्ञान र इतिहास सहित थुप्रै विषयहरु अध्यापन गराउँछन्। अध्यापकहरुले कक्षामा सल्लाह दिने तथा गृहकार्यमा सहयोग गर्ने गर्दछन्।



4. बालबालिका कसरी विद्यालय जान्छन् ?

डायनी जियासोइकीया -प्राइसले इएलएलका सबै विधार्थीहरुलाई बसको यात्राको तालिकामा सहयोग गर्छिन् । 472-3097 मा सम्पर्क गर्नु होस् ।

बसले यहाँको बच्चालाई लिन आउन शुरुगर्नु अगाडि 5 दिन लाग्नेछ । यदि तपाई 2.4 किलोमिटर भन्दा नजिक वस्नुहुन्छ भने यहाँको बच्चाको लागि वस सुविधा उपलब्ध हुनेछैन ।



## अतिरिक्त नोटहरु

5. विद्यालयमा कुन कुन सुविधाका लागि शुल्क तिर्नुपर्छ ?

- विधार्थीले विधालयमै खाजा र खाना किन्न सक्नेछन् । उनीहरुले निःशुल्क वा केही छुट पाउन पनि सक्छन् । (शूल्कको लागि हेर्नुहोस् : Boiseschools.org)
- P.E. लिने वा जुनियर वा हाई स्कुलका विधार्थीहरुले लकरका लागि अतिरिक्त 5 डलर तिर्नुपर्नेछ ।
- कला, फोटोग्राफी वा अन्य प्रकारका कक्षा लिनेहरुका लागि शूल्क लाग्नेछ ।



## आधारभूत मेनु

### खाजा



**छनौट**
अन्न (सिरियल)को प्रकार
टोस्ट
दूध
सुन्तलाको जुस

सबै निःशुल्क खाजामा दुध र जुस उपलब्ध हुनेछ

### खाना



प्रत्येक दिन तीन फरक खानाहरुको छनौट हामी उपलब्ध गराउनेछौं । दुधको विभिन्न प्रकार । बच्चाहरुले विभिन्न थरिका फलफुल, तरकारी तथा ब्रेडहरु छनौट गर्न सक्नेछन् ।

## सेकेण्डरी मेनु

*ब्रेकफास्ट*



**छनौट**
सिनामन रोल
बागेल
ब्रेकफास्ट बरितो
दही
एसोर्टेड कोल्ड सिरियल्स

सबै खाजाहरुमा जुस र यहाँको छनौट बमोजीम ठूलो वा सानो मात्रामा दुध उपलब्ध हुनेछ। केही विद्यालयहरुमा विहानको ब्रेक हुनेछ। खाजा उपलब्ध हुन्छ।

*खाना*

| **क्लासिक छनोट** | **सेल्फ सर्भ बार** |
|---|---|
| समाविष्ट परिकार : | समाविष्ट परिकार : |
| ह्यामबर्गर | पास्ता अल्फ्रेडो |
| बरितो | कन्ट्री चिकन |
| पीजाका परिकार | टेको लोको |
| टेकोस | एसियन नुडल्स |
| चिकन नगेट्स | स्विट एण्ड सावर चिकन |
| हट एण्ड कोल्ड | |
| स्याण्डविच | |

*सर्वोच्च छनोटहरु*
**ब्राण्ड नेम पिज्जा**
**डेली स्याण्डविच मेड टु अर्डर**
**तपाईंको खाना कार्ड प्रयोग गर्दा घरमै बनेको कुकी प्राप्त गर्नुहोस्!**
**सबै खानाहरु ताजा फलफूल, तरकारी र दूधसँग दिइन्छ।**
**शाकाहारी र कम चिल्लो भएका पदार्थहरु दैनिक रुपमा उपलब्ध छन्, कृपया माग्नुहोस्।**

6. के मेरा छोराछोरी विद्यालय ढीलो जान वा गयल हुन सक्छन् ?

**विधालयमा ढिलाई** : यदि विधार्थी कक्षामा 20 मिनेटभन्दा ढिला भएमा अनुपस्थित ठहरिनेछ। प्रत्येक सेमेष्टरमा एक विद्यार्थी 6 पटक ढिला हुन सक्नेछ। छैठौं पटकमा ढिला भएमा सनिवार पनि विधालय आउनु पर्नेछ। यदि 6 पटक वा वढि समय कक्षा छोडेमा कक्षा दोहोऱ्याउनुपर्नेछ।

**क्षम्य अनुपस्थिति** : एउटा विद्यार्थी एक सत्रमा नौ पटकसम्म अनुपस्थित हुन सक्नेछ। परिवार वा अभिवावकले अनुपस्थितीको याचना गर्न का लागि 48 घण्टा भित्र विधालयमा सम्पर्क गर्नुपर्छ। यदि अनुमतिसहित वा परिवारले विधालयमा सम्पर्क गरेको खण्डमा भएको अनुपस्थितिमा विधार्थीलाई कुनै गृहकार्य वा एसाइन्मेण्ट दिइनेछ। विधार्थी 8 दिन भन्दा वढी अनुपस्थित रहेमा लिखित अपिल मार्फत क्रेडिट कक्षा लिन सक्नेछ।



**अक्षम्य अनुपस्थिति** : यदि कुनै विधार्थी परिवारले विधालयमा सम्पर्क नै नगरी वा अनुमति बिना नै अनुपस्थित रहेमा त्यो अक्षम्य हुनेछ। यदि प्रत्येक सत्रमा 9 भन्दा बढी अनुपस्थिति रहेमा क्रेडिट गुमाउन सक्नेछ। उसले अनुपस्थित हुदा छुटाएको गृहकार्य पूरा गर्न पाउनेछैन। यसले अपिल प्रक्रियामा असर गर्नेछ। विधार्थी निष्काशन वा निलम्बनमा पनि पर्न सक्छ।

7. के विद्यार्थीले कक्षा छोडन सक्छन् ?

बच्चाले दिउसो विद्यालय छोड्ने अनुमति प्राप्त गर्नका लागि अभिभावकले विधालयमा सम्पर्क गर्नु पर्नेछ। विधार्थीले अनिवार्य रुपमा कार्यालयमा सम्पर्क गरेर मात्र कक्षा छोड्न सक्नेछ। अनुमति विना वा कार्यालय खबर नगरी कक्षा छोड्दा उसलाई अनुशासनको कारवाही गर्न सकिनेछ। विधार्थी ब्रेक वा खानको समयमा पार्किङ लटमा हुन हुँदैन।

**8. विद्यालयमा के के प्रतिबन्धित छ ?**




बिपर्स, पेजर, सेल फोन, लेजर पेन, लाइटर, स्कर्टस गन, कम्मरमा झुन्ड्याइने सिक्रीहरु विद्यालयमा लैजान पाईंदैन ।

धार्मिक कारणले बाहेक टाउको छोप्ने कपडाहरु प्रयोग गर्न पाइने छैन ।

ड्रग्स, रक्सी, सुती, चुरोट पनि निषेधीत छन् । यसको उल्लङ्घन गरेमा विधार्थीहरु निष्कासन वा निलम्बनमा पर्न सक्नेछन् । प्रहरीको सहयोग पनि लिन सकिनेछ ।

कुनै ग्याङ् वा गुण्डाको समूह को सहयोग वा समर्थन निषेधित छ । कुनै सांस्कृतिक वा धार्मिक समूहलाई भड्काउन प्रश्रय गर्ने वा ठेस पुऱ्याउने चिन्ह वा सङ्केत लगाउन वा देखाउन प्रतिबन्धित छ । यस्तो गरेमा विद्यालयबाट निलम्बन वा अझ निष्कासन सम्म गर्न सकिनेछ ।

हिंसात्मक र अश्लिल शब्द वा भाषा वर्जित छ । लिखित वा मौखिक धम्की सहय हुने छैन । लडाई वा झगडा गर्न पाइने छैन । कुनै किसिमको धम्की दिएको खण्डमा विधालय क्षेत्रबाट निष्कासित गरिनेछ । यस्तो व्यवहार गरेमा प्रहरीकहाँ बुझाइनेछ ।

**9. कुनै विद्यार्थीले विद्यालयमा हतियार लिएर आयो भने के हुन्छ ?**

वन्दुक, छुरा वा अन्य हतियार राख्ने विधार्थीलाई विद्यालयबाट निष्काषन गरेर प्रहरीमा बुझाइनेछ ।



**10. Boise विद्यालय क्षेत्रका बारेमा अतिरिक्त सूचना चाहिएमा कहाँ सम्पर्क गर्ने ?**

विधालयका बारेमा थप जानकारी यहाँले हाम्रो वेवसाइट http: // www.Boiseschools. org वा 854-4000 मा फोन गरेर प्राप्त गर्न सक्नु हुन्छ ।



11. अङ्ग्रेजी भाषा सिकाउने कार्यक्रमका बारेमा कहाँबाट जानकारी लिने ?

ईएलएलका बारेमा थप जानकारीका लागी हाम्रो वेभसाइट हेर्नुहोस् : http: // www. Boiseschools.org /ell /index.html





अथवा उल्लेखित कुनै पनि व्यक्तिलाई सम्पर्क गर्न सक्नुहुन्छ :


**Diane Goicoechea-Price**
Intake Specialist
472-3097
diane.goicoecheaprice@Boiseschools.org

**Jolene Lincoln**
Federal Programs Consultant
854-4379
jolene.lincoln@Boiseschools.org

**Stacey Roth**
ELL Consulting Teacher
854-4379
stacey.roth@boieschools.org

**Molly Jo de Fuentealba**
Federal Programs Consultant
854-4379
molly.fuentealba@Boiseschools.org

**Cindy Daly**
Federal Programs Consultant
472-3593
cindy.daly@Boiseschools.org

**Dr. Ann Farris**
Federal Programs Administrator
854-4133
ann.farris@Boiseschools.org


## अतिरिक्त नोटहरु

